नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६६ आश्विन पूर्णिमा – कातिः पुन्हि ३७ | अंक ६ | The Ananda Bhoomi (Year 37, Vol. 6)
बु.सं. २५५३ | ने.सं. ११२९ यँलागा/कौलाथ्व | A Buddhist Monthly : Oct./Nov. 2009

*प्रमुख सल्लाहकारः*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ.कु.वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ.कु.वि.)

*सल्लाहकारः*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.गुठी)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगीः*
मिलन श्रेष्ठ, जुजुभाई तुलाधर, संघरत्न शाक्य

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद, भिक्षु शान्तकोशल

*लेखा व्यवस्थापनः*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*सम्पादन सहयोगीः*
भिक्षु जनक, विश्व शान्ति विहार

*सम्पादक/प्रकाशन संयोजकः*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरूः*
बुद्धजयन्ती समारोह समिति (श्रीघः), भिक्षु चन्दिमो, भिक्षु जवन, अ.इन्द्रावती, सत्यना शाक्य, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, शाक्य वाच शप-बनेपा, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बागलुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग), शेखर शाक्य (नारायणगढ) ।

*मुद्रणः*
डट्स प्रिन्टिङ्ग हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशकः*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**माता यथा नियं पुत्तं,**
**आयुसा एक पुत्तं मनुरक्खे ।**
**एवम्पि सब्ब भुतेसु,**
**मानसं भावे अपरिमानं ॥**

जसरी एउटी आमाले आफ्नो एक्लो सन्तानलाई आफ्नो जीउज्यानको रक्षा नगरी रक्षा गर्दछ । त्यसरी नै संसारका सबै सत्व प्राणीहरुलाई रक्षा गर्नुपर्दछ ।

**– मैत्री सुत्र**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू. १५०/– | एकप्रति रू. १५/– | वार्षिक ग्राहक बनी सहयोग गरौं

## गताङ्कमा प्रकाशित

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

## विषय-सूचि

| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|

# सम्पादकीय

## सन्दर्भ अमृतानन्द गुणानुस्मरण

दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरको देहअवसान भएको वर्षदिन बित्दै भर्खर भाद्र ५ का दिन "१९ औं अमृतानन्द गुणानुस्मरण" कार्यक्रम सम्पन्न गरियो । पाल्पाली भिक्षु अमृतानन्दले राणाकालमै आफ्नो प्रभावलाई निरन्तरता दिने क्रममा २००१ सालमा ८ जना भिक्षु - श्रामणेरहरूलाई देशनिकाला गर्दा अन्तर्राष्ट्रिय जगतसित सम्बन्ध राखी नेपालमा श्रीलंकाबाट धर्मदूतमण्डल पदार्पण गराई जुन कुटनीतिक क्षमता प्रदर्शन गरे यो ऐतिहासिक सस्मरणीय पाटा सदासर्वदा इतिहासले स्मरण गरिरहने पक्ष हो । भिक्षु अमृतानन्दले तत्कालीन समय परिवेशलाई आत्मसात गरी ज्ञानमालाको उत्थानमा समेत आफूलाई समर्पित गरी जुजु भीगु नेपाः देया धर्मचित्त जुयेमाः (शासक पक्ष धर्मानुकुल चल्नुपर्छ) भनी ज्ञानमाला भजन लेखेका थिए । उनले तत्कालीन राजा त्रिभुवनसित कुशल सम्पर्क स्थापित गरेकै कारण २०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलनको आयोजना गर्न सफल भएका थिए भने शासकपक्षसित पनि निरन्तर सम्बन्ध स्थापना गर्न सक्षम भएकै कारण २०४२ सालमा १५ औं विश्व बौद्ध सम्मेलन गर्ने अवसर प्राप्त भए ।

भिक्षु अमृतानन्दले धर्मोदय सभाको स्थापना, अखिल नेपाल भिक्षु महासंघको स्थापना, आनन्दकुटी विद्यापीठको स्थापना, आनन्दकुटी विहार गुठी (हाल संस्थामा परिणत) आदि विविध विहार एवं संस्था स्थापना गर्न अहं जिम्मेदारी भूमिका निभाएका थिए । उनले पालि साहित्यलाई नेपाली भाषामा अध्ययन-अध्यापनार्थ बुद्धकालीन ग्रन्थमाला प्रकाशन गर्न जुन अथक प्रयास गरे निश्चय नै यो बुद्धशासनिक क्षेत्रमा अतुलनीय योगदान नै मान्न सकिन्छ ।

एक जमानामा उनले स्थापना गरेको आनन्दकुटी विद्यापीठको राष्ट्रीयस्तर कहाँ पुगिसकेको थियो, विद्यार्थीहरूको संख्यात्मक एवं गुणात्मक अभिवृद्धि अकासिएको थियो तर त्यो स्थिति आज गएगुज्रिएभैं सावित भएको छ । यसर्थ विद्यालयको प्रतिस्था कायम गर्न सम्बद्ध निकायले पुनर्विचार गरी कसरी समायोजन गरी अघिबढ्ने हो त्यसमा ध्यान दिनु अत्यन्त आवश्यक भइसकेको छ । नत्र विद्यापीठ सँगसँगै एउटै उद्देश्य र अभिप्राय बोकेका विद्यालयस्तर कहाँ पुगिसकेका छन्, हामी भने जिब्रो काढ्दै बस्नुपर्ने हुन्छ ।

यसरी नै पुनर्जागरित थेरवाद बुद्धधर्मको पहिलो विहार आनन्दकुटी विहारलाई संस्थागत विकास गर्न २०२९ सालमै आनन्दकुटी विहार गुठीको संस्थापना गरी विशेषतः बुद्धधर्मसम्बन्धी ग्रन्थ प्रकाशन गरी अमीट योगदान पुर्‍याउन सफल भए । भिक्षु अमृतानन्द राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त भिक्षु हुन् । उनले अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिनिधित्व गरी पराराष्ट्रसँग कुशल सम्बन्ध कायम राखेका थिए । आनन्दकुटी विहारलाई अन्तर्राष्ट्रिय जगतमा परिचित विहारको रूपमा स्थापना गरे । तर आज त्यो स्थितिलाई निरन्तरता दिन सकिरहेको छ छैन विचारणीय पक्ष हुन् । विविध कारणवश आनन्दकुटी विहार गुठी नै आनन्दकुटी विहार संस्थामा परिणत गर्नुपर्ने परिस्थिति उब्जियो । जे होस् विहार सम्बद्ध पक्षले सबल एवं सक्षम तथा सजगता अपनाउँदै विहारको भविष्यलाई अझ उज्वल तथा व्यवस्थित गर्दै जान सकिने हुन्छौं ।

त्यस्तै भिक्षु अमृतानन्द महास्थविरकै देनस्वरूप प्रकाशित नेपालको पहिलो बौद्ध मासिक आनन्दभूमिले आजसम्म निरन्तरता पाइरहनुमा सबैको सहयोगले भूमिका निभाएको छ । आनन्दभूमिलाई समग्र सम्बन्धित क्षेत्रले आफ्नो एउटै मात्र पुरानो पत्रिका हो भन्ने भावना संगाली यस पत्रिकालाई कसरी निरन्तरता दिने, कसरी आकर्षित एवं ज्ञानवर्द्धक बनाउँदै लाने भन्नेतिर सबैको ध्यानकेन्द्रित पार्नुपर्छ । होइन भने यस आनन्दभूमिलाई फलाउने फुलाउने कार्य गर्ने कसरी ? बस्चल्तिका नाम गाडी मात्रै गरिरहने कि अझ सशक्त ढङ्गले अगाडि बढ्ने वा सुस्तरूपले प्रस्तुत हुँदैजाने यसमा हामी सम्बद्धपक्ष सबैले जिम्मेवारी वहन गर्ने कि नगर्ने ? आनन्दभूमिको स्तरीयता, व्यवस्थापन, वितरण आदि पक्षलाई कसरी प्रभावशाली बनाउने हो त्यसमा सम्बद्धपक्षको उचित ध्यान जानुपर्छ भन्ने जनधारणालाको कदर हुनु पर्छ कि पर्दैन ?

उपरोक्त यावत पक्षलाई संगाली दिवंगत भिक्षु अमृतानन्दको १९ औं गुणानुस्मरण दिवसको पुण्यस्मृतिको अवसरमा गुणगान प्रस्तुतीसँगै कार्यगत क्षेत्रमा समेत सम्बद्ध हामीले केही न केही योगदानपूर्ण कार्य गर्न सके यही सच्चा श्रद्धाञ्जली, आदराञ्जली हुनसक्छ भने यही अनित्यस्मरण कुशल कार्य हुन्छ ।

# अन्तर्राष्ट्रिय जगतमा आचार्य भिक्षु अमृतानन्दको विशेष स्थान



✍ केशरी वज्राचार्य

नेपालमा बुद्धधर्मको प्रभाव बुद्धकालीन समयमा नै भएको विश्वास गर्न सकिन्छ । प्राचीनकालमा काठमाडौं उपत्यकाको भौगोलिक अवस्था तलाउको रूपमा थियो । जसलाई नेपालमण्डल भन्ने गरिन्थ्यो । यो भूमि चारैतिर पहाडले घेरिएको र हिमालको नजिक रहेकाले हिउँदमा हिउँ पर्ने, बिहान हुस्सु लाग्ने र तुसारोले खेतबारी वन जंगल ढाकिने गरेको भएपनि वर्तमानमा यहाँको प्राकृतिक वातावरणमा परिवर्तन आइसकेको छ । बुद्धकालीन समयमा यो उपत्यका त्यही अवस्थामा थियो । भिक्षु आनन्द आफ्ना व्यापारी बन्धुहरूका साथ यो उपत्यकामा आएका बेला पनि नेपाल खाल्डो भनिने यो भूमि हिउँ र तुसारो पर्ने चिसो भूमि भूभाग थियो । यहाँबाट फर्कदा उनको पाउ हिउँले खाएको थियो । निकै कष्ट सहेर फर्किएका थिए । भनिन्छ उनैको कारण भिक्षुहरूले भौगोलिक अवस्था र वातावरण अनुसार पाउपोस अर्थात जुत्ता चप्पल आदि लगाउन हुन्छ भन्ने नियम बुद्ध स्वयमले बनाएका थिए ।



यो ऐतिहासिक घटना प्रसंगपछि यस उपत्यकामा भारत, श्रीलंका तथा तिब्बतबाट आएका अन्य विद्वानहरूले बुद्धधर्मको प्रचारप्रसारमा राम्रो भूमिका खेलेको देखिन्छ । त्यसबेलादेखि महायानी बुद्धधर्म सम्प्रदायको प्रभाव परेकोले पछिसम्म पनि जीवित साँस्कृतिक परम्पराका रूपमा कायम रहँदै आयो । बाहिरबाट आउनुभएका विद्वान गुरूहरूले बुद्धधर्मको प्रचारप्रसार कार्यमा अवदान, जातक कथाहरूको माध्यमबाट मानिसहरूमा हिंसा गर्ने, शील पालन गर्ने, व्रत बस्ने र बहुप्रचलित असलपात्रलाई दान गरेर पुण्यसञ्चय गर्ने कार्यले व्यापकता पाएको थियो ।

विभिन्न मुलुकबाट बुद्धज्ञान हासिल गरी फर्कनुभएका थेरवादी भिक्षुहरूको नेपाल आगमनपछि चाहिँ यो भूमिमा थेरवादी बुद्धधर्मको बढी प्रचार भएको देखिन्छ । यही सिलसिलमा आचार्य भिक्षु अमृतानन्द महास्थविरले विदेशबाट बुद्धधर्म हासिल गरी फर्कनुभएपछि काठमाडौं उपत्यकालाई मुख्यथलो बनाउनुभयो । उहाँ स्वदेश फर्कनुभएपछि जन्मस्थान पाल्पा तानसेन भन्दा यस उपत्यकाको आनन्दकुटी विहारमा आजीवन बस्नुभएर बुद्धको शिक्षा प्रचारमा लाग्नुभयो । उहाँले सम्पादन गर्नुभएका मुख्य मुख्य कार्यहरूमा बुद्धकालीन ग्रन्थ लेखन तथा प्रकाशन पहिलो श्रेणीमा पर्दछ । मूलपालीको त्रिपिटकबाट नेपाली भाषामा बौद्ध ग्रन्थहरूको लेखन तथा आनन्दकुटी विहारबाट नियमित प्रकाशन भएपछि थेरवादी बुद्धधर्मको थप प्रचार भएको छ ।

त्यस्तै अर्को महत्वपूर्ण कार्यमा अन्तर्राष्ट्रिय बौद्ध जगतसित नेपालको धार्मिक सम्बन्ध बढाउन उहाँले नै नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो । त्यसबेला उहाँका समकालीन अन्य विद्वानहरू नभएका हैनन् । तर पनि उहाँको भूमिका नेतृत्वदायी थियो । स्वदेश तथा विदेशमा उहाँले आफ्ना विद्वत छवी बनाइसक्नु भएको थियो । त्यतिबेला प्रचलित नेपालभाषा र सँस्कृतमा पाइने बौद्ध ग्रन्थहरूको सट्टा सबै नेपालीले बुझ्ने भाषामा लगातार प्रकाशन गर्नुभयो । यही कारण बुद्धको शिक्षाले पनि प्राथमिकता पायो । त्यसबेला केही मानिसहरूले भिक्षु अमृतानन्दजस्ता विद्वानले आफ्ना मातृभाषा ग्रन्थहरू प्रकाशन नगरी गैरमातृभाषामा प्रकाशन गरेको भनी आलोचना समेत गरेका थिए । तर उहाँको त्यो कार्य आलोच्य नभई नेपालीहरूका लागि आँखा खोल्ने वरदान

सावित भयो । साँच्चै भन्ने हो भने त्यसपछि नै नेपालीहरूले बुद्धको उपदेशलाई राम्रोसँग बुझ्न थाले । त्रिपिटकमा के छ ? भन्ने कुरा उहाँका कृतिहरू अध्ययन गर्ने जिज्ञासुहरूलाई राम्रोसँग ज्ञान छ । त्यसभन्दा अघि स्वयम्भू पुराण वाचन गर्ने, प्रज्ञापारमिता ग्रन्थमा के लेखिएको छ ? स्वर्ण अक्षरले लेखिएको त्यस धार्मिकग्रन्थको महत्व के कारणले छ ? भन्ने विषयमा भन्दा मानिसहरू पूजापाठ गर्ने गराउने कार्यमा नै बढी अभ्यस्त थिए । वास्तवमा कुनैपनि बौद्ध ग्रन्थमा के कुरा लेखिएको छ ? भन्ने कुराको अर्थ थाहा नपाई ग्रन्थको पूजा मात्र गरेर कसैलाई पुण्यलाभ हुँदैन । यो बुद्धको उपदेश हो । अहिले पनि यसै उपत्यका भित्रका कतिपय महायानी विहारहरूमा रहेका प्राचीन पवित्र बौद्ध ग्रन्थहरू चोरी हुने भयले भोटेताल्चा मारेर राख्ने चलन छ । हामीले बुझ्नुपर्ने कुरा के छ भने जबसम्म ती महत्वपूर्ण धार्मिक ग्रन्थहरू जिज्ञासुहरूका लागि अध्ययनार्थ उपलब्ध गराउने वातावरण बनाइँदैन तबसम्म त्यस्ता धार्मिकग्रन्थमा कीरा लागिसकेको हुनेछ । यस्ता विभिन्न धार्मिक ग्रन्थहरूका सम्बन्धमा आचार्य भिक्षु अमृतानन्द महास्थविरले बौद्धहरूका लागि दिनुभएको सन्देश यही हो ।

उहाँले जसरी पालीभाषाबाट नेपाली भाषामा रूपान्तर गरेर त्रिपिटक सर्वसाधारणका लागि उपलब्ध गराउनुभएको छ त्यस्तैगरी आफ्नो जीवनकालमा पं. दिव्यवज्र वज्राचार्यले पनि सँस्कृत भाषाका ग्रन्थहरूलाई नेपालभाषामा रूपान्तर गर्नुभएको छ । यस्ता ग्रन्थहरूलाई नेपाली भाषामा रूपान्तर गर्ने संस्थागत प्रयास भएमा बुद्ध-उपदेश अझै फैलने छ । पाल्पा तानसेनमा जन्मेर नालन्दा विश्वविद्यालयमा एम. ए. मा प्रथम श्रेणीमा उत्तीर्ण हुनुभएका र त्यही विश्वविद्यालयम रजिष्ट्रार भइ कार्य गरिसक्नुभएका विद्वान अयोध्याप्रसाद प्रधानले पनि बुद्धशिक्षासम्बन्धी अनुवाद अंग्रेजी भाषामा गर्नुभएको छ । यो कार्य एकजना नेपाली विद्वानले समेत अंग्रेजी भाषामा बौद्धग्रन्थ लेखेका छन् भन्ने गौरव बढेको भएतापनि सर्वसाधारण नेपालीहरूका लागि चाहिं आचार्य भिक्षु अमृतानन्दको ग्रन्थ बढी उपयोगी साबित भएको छ ।

माथि उल्लेखित भूमिकाको आधारमा आचार्य भिक्षु अमृतानन्द महास्थविरको योगदानलाई हेर्दा विश्व बौद्ध भातृत्व संघ अर्थात् डब्लु. एफ. वि. वर्ल्ड फेलोसिप अफ बुद्धिष्ट २०१३ सालमा चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा आयोजित हुनुमा आचार्य भिक्षु अमृतानन्दको भूमिका थियो । त्यसभन्दा अघि श्रीलंकामा विद्वान मल्लशेखरको अगुवाईमा डब्लु. एफ. वि. को स्थापना हुँदा आचार्य भिक्षु अमृतानन्दको पनि सक्रिय हात थियो । पहिले बुद्धधर्म प्रचारको अभियोगमा देशनिकालामा पर्नुभएका आठजना भिक्षु श्रामणेरहरूलाई स्वदेश फर्काउन श्रीलंकाका भिक्षु नारद महास्थविरले नेतृत्व गर्नुभएको सद्भावना प्रतिनिधि मण्डल नेपाल ल्याउनमा उहाँले नै भूमिका निर्वाह गर्नुभएको थियो । फलस्वरूप भिक्षुहरू स्वदेश फर्कने सहज वातावरण बन्यो । नेपाल फर्कनुभएपछि तत्कालीन राजा त्रिभुवनको नजिक हुनुभयो । त्यही बेला २००८ सालमा बौद्ध शिक्षालयको रूपमा आनन्दकुटी विद्यापीठको स्थापना भयो । विद्यालयको आर्थिक सहायता जुटाउनमा सक्रिय हुनुभएको कुरा धेरैलाई थाहा पनि छ । तर उहाँ जीवित छँदा नै त्यो विद्यापीठले तत्कालीन सरकारको नयाँ शिक्षा योजनाअर्न्तगत गलत शिक्षा नीतिका कारण मार खानु पऱ्यो । सरकारको त्यो शिक्षा नीतिप्रति उहाँ निराश हुनुहुन्थ्यो ।

काठमाडौंमा आयोजित चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न हुँदा उहाँले नै नेतृत्व सम्हाल्नुभएको थियो । त्यसैगरी सन् १९८६ मा १५ औं विश्व बौद्ध सम्मेलन हुँदा पनि उहाँको भूमिका अग्रणी रह्यो । यी दुवै विश्व बौद्ध सम्मेलनपछि अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरूमा नेपालबाट महायानी र वज्रयानी परम्पराका विद्वानहरूलाई समेत प्रतिनिधित्व गराउनुभएको थियो । नेपालको बुद्धधर्मलाई समन्वयात्मक ढंगले अघि बढाउनु पर्ने आवश्यकता अनुभव गर्नुहुन्थ्यो । त्यही आधारमा उहाँको जीवनकालमा नवोदित बौद्ध विद्वान लेखकहरूले उचित अवसर पाएका थिए ।

भिक्षु अमृतानन्दको देहावसान पछि नेपालको अन्तर्राष्ट्रिय बौद्ध जगतसितको भातृत्व सम्बन्धमा स्पष्ट कमी आयो । बौद्धहरूको नाम चलेको कतिपय संस्था निष्कृय जस्तो भयो । वर्षौ मेहनत गरी बनाएको नेपालको छबी धमिलिँदै गएको देखिन्छ । अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरू कहिले कहाँ हुन्छ ? भन्ने कुरामा पारदर्शिता भएन । नेपालको प्रतिनिधित्व कसले कसरी गर्दैछ भन्ने कुरामा पनि पारदर्शिता भएन । व्यक्ति विशेषले विदेश भ्रमण गर्ने माध्यम त बनाए । तर नेपाली बौद्धहरूको समन्वयात्मक प्रतिनिधित्वमा चाहिं ग्रहण लाग्दै आएको छ । एक प्रकारले नेपालका बौद्धहरूको अन्तर्राष्ट्रिय सम्बन्धमा पहिले जस्तो भएन भन्नुमा अतिशयोक्ति नहोला । उहाँको शेषपछि विश्व बौद्ध सम्मेलनहरूमा सम्मानजनक प्रतिनिधित्व गर्नुको सट्टा विदेश भ्रमण गर्ने अवसरको विकास भयो ।

आचार्य भिक्षु अमृतानन्द महास्थविरले आफ्नो जीवनको अन्ततिर नेपालका हिमाली क्षेत्रमा बस्ने जनजातीय बौद्धहरूको अवस्था अध्ययन गर्ने उनीहरूसित प्रत्यक्ष सम्पर्क बढाउन आफ्नो प्रतिकुल स्वास्थको बाबजुद पनि जारी राख्नुभयो । ओखलढुंगा, संखुवासभा आदि ठाउँहरूमा उहाँ प्रत्येक बुद्ध जयन्तीका अवसर पारेर जानुहुन्थ्यो । भोजपुरको यात्रा उहाँले आफू श्रामणेर छँदा नै उहाँका गुरू आचार्य महाप्रज्ञासित जानुभएको थियो । राणाकालमा धर्मप्रचारको अभियोगमा आचार्य महाप्रज्ञालाई भोजपुर जेलमा राख्दा उहाँलाई पनि सँगै राखेका थिए ।

यसरी उहाँका सार्वजनिक क्षेत्रमा भएका मुख्य मुख्य कार्यहरूलाई हेर्दा २०४७ सालको संविधान बनाउने बेलामा धर्मनिरपेक्षताको पक्षमा काठमाडौंमा भेलाभएका विभिन्न बौद्ध संघ संस्थाहरूमा आबद्ध आदिवासी जाति जनजातिहरू तथा इस्लाम, क्रिश्चियनलगायत प्राकृतधर्मावलम्बीहरू सम्मिलित लाखौंको विशाल जुलुस पछि खुलामञ्चमा भेला भएका जनसमूहलाई उहाँले स्पष्ट भाषामा धर्मनिरपेक्ष राज्य कायम हुनुपर्छ भनी सम्बोधन गर्नुभएको थियो । त्यसबेला सबैभन्दा सशक्त एउटा नारा थियो । राजाले मान्ने धर्म सबैले मान्नुपर्छ भन्ने छैन । उनले चाहे जेसुकै धर्म मानुन् तर राज्यको धर्म चाहिं निरपेक्ष हुनुपर्छ भन्ने अडान थियो । नेपाल बहुभाषिक, बहुसाँस्कृतिक र बहुधर्मावलम्बी भएको मुलुक हो । सबै धर्मलाई राज्यले समानताको दृष्टीले व्यवहार गर्नुपर्छ । राज्यले एउटै धर्मलाई मात्र काखी च्याप्नु हुँदैन । त्यसैले नेपाल धर्मनिरपेक्ष राज्य घोषित हुनुपर्छ भन्ने विचार आचार्य भिक्षु अमृतानन्दको थियो । अब हामीले त्यसका लागि फेरि सजग हुनुपर्ने बेला आएको छ । पहिले राजनीतिक स्वार्थवश नेपाल धर्मनिरपेक्ष राज्य घोषित नभएर हिन्दु अधिराज्य भनिए पनि दोस्रो जनआन्दोलनपछि अन्तरिम संविधानमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित भएकोमा उहाँको सपना साकार भएको छ । तर संविधानसभाले बनाउने नयाँ संविधानमा पनि धर्मनिरपेक्ष राज्य नै रहन्छ भन्ने कुरामा हामीले ढुक्क भएर बस्ने बेला छैन । देशी विदेशी शक्तिहरूको चलखेल बढेको छ । त्यसलाई परास्त गर्न पहिले झै सम्पूर्ण नेपाली बौद्ध तथा धर्मनिरपेक्ष राज्यका पक्षधरहरू एक ठाउँमा आबद्ध हुनुपर्ने अवस्था विद्यमान छ ।

# अंगुलिमाल - ३

– चित्र : भिक्षु उत्तम – कथा : भिक्षु जनक










क्रमश:

# संसार......



✍ भिक्षु धर्ममूर्ति

भगवान् बुद्धको कथनअनुसार "मनोमया" अर्थात् मनोमय छ संसार । आ–आफ्नो मन (चित्त) ले जसरी देख्दछ त्यस्तै हुन्छ उनीहरूको संसार । त्यसकारण नै फूलको आखाँमा फूलै संसार भन्ने गीतले पनि त्यस्तै भावना दिएको छ । अतः कमैले "चश्मा" को रूपमा प्रस्तुत गरेको छ । जस्तो चस्मा लगाएर हेर्छन् त्यस्तै प्रकारको संसार देखिन्छ । अर्थकथाचार्य भिक्षु बुद्धघोष स्थविरले विसुद्धिमार्गमा स्कन्ध धातु र आयतन को अविच्छिन्न विद्यमानता र निरन्तरतालाई 'संसार' भनेका छन् । तपाई संसारमा प्रविष्ट अर्थात् तपाईको सांसारिक यात्राको शुभारम्भ कहाँबाट कहिले कसरी भयो भन्ने तथ्य तपाईले देख्न सक्नुहुन्न । त्यसैले नै संसार भनेको हो ? एक अभिज्ञा शक्तिलाभीले आफ्नो उक्त अभिज्ञाशक्तिद्वारा आफ्नो पूर्व वर्तमान जीवनकाल अवधिभरी हेर्दै पछ्याउँदै गएतापनि उसले मूलारम्भ अवस्थालाई देख्न सकिने हुँदैन भनी स्वयं बुद्धको कथनअनुसार भिक्षु बुद्धघोषले उक्त व्याख्या गरेका हुन् । अनन्त दीर्घकाल स्कन्ध धातु र आयतन धारण गर्दै छोड्दै फेरी धारण गर्दै छाड्दै पुनः धारण गर्दै छोड्दै वर्तमानसम्म आइपुगेको छ भने संसारबाट मुक्त नभएसम्म भविष्यमा पनि अनगिन्ति रूपमा संसारचक्रमा घुमिरहनेछ । मानव जीवनको विषयमा बुद्धले धेरै सूत्रहरूमा प्रकाश पारेका छन् । सूत्रपिटक, मज्झिमनिकाय, मूलपण्णासक ४ वर्ग, महातण्हासंखय सूत्रमा त्यस सम्बन्धमा यसरी उल्लेख भएको पाइन्छ "हे भिक्षु हो ! तीन संयुक्त कारणले गर्दा अर्थात् तीनवटा अवस्थाहरूको संयोगले मात्र गर्भधारण हुने हुन्छ । यदि आमा र बुबाको ( श्रीमान-श्रीमति) सहवास भएता पनि आमा शारीरिक रूपमा योग्य (ऋतुमति) नरहेको अवस्थामा वा योग्य रहेता पनि गन्धर्वको उपस्थिति नरहेका अवस्थामा गर्भधारण नहुने हुन्छ । अतः आमा र बुबाको सहवास, आमा (ऋतुमति) योग्य रहेको र सो बेला गन्धर्वको उपस्थिति भन्ने तीनै कारणहरूको संयोग भएमा मात्र गर्भधारण हुन्छ" ।

माथि उल्लेखित तीन कारणहरू मध्ये दुई कारणहरू सही हुन् र तेस्रो कारण हुनसक्छ भन्ने वैज्ञानिक खोजले युक्तियुक्त तुल्याएको देखिन्छ । "कुनै एक बालिका (स्त्री) आमाको कोखबाट निस्कने (जन्मने) अवस्था हुँदासम्म उनको डिम्बकोष (Overy) हरूमा उत्पन्न भईरहने (४०००००) चार लाख जति डिम्ब (अण्डा) उनीहरूले उनको महिनावारी शुरू भएको अवस्था देखि प्रत्येक २ दुई दिनमा एक पटक एउटा डिम्ब (अण्डा) पाकेर डिम्बनली दुईमध्ये एकबाट झर्ने हुन्छ । महिनावारी हुने दुईहप्ता अगाडि नलीमा खस्ने उक्त अण्डा नजिक पुग्न संसर्गबाट त्यहाँ पसेका पुरूष पराग (Sperm) शुक्रकीट सयौं संख्यामा प्रतिस्पर्धा गर्ने हुन्छ । तीमध्ये एक जन्म मात्र अण्डाको नजिक गई अण्डाभित्र पसी जीव शैल बनाउने हुन्छ । अझै अण्डाकै रूपमा रहने त्यो डिम्ब गर्भाशयभित्र पस्न दुईदिनदेखि चारदिनसम्म लगाउने हुन्छ । मातृगर्भमा प्रविष्ट गरेको डिम्ब (Embryo) पुरूष पराग संचेतन भएको अवस्थादेखि ६ दिनसम्म आमाको गर्भमा टाँसिन्छ । त्यहाँदेखि क्रमशः आमाको शरीरबाट पोषण प्राप्त गर्न शुरू हुने हुन्छ" भनी सन् १९८२ मा प्रकाशित स्टेफनको Biology भन्ने पुस्तकमा उल्लेख भएको पाइन्छ ।

माथि उल्लेखित क्रियावलीमा अण्डा पाकेर डिम्बनलीमा झरेर बस्ने अवस्थालाई "महातण्हासंखय सूत्रानुसार" आमा ऋतुमति (शारीरिक रूपमा योग्य) रहेको अवस्थाको रूपमा लिइन्छ । साथै पुरूष पराग (शुक्रकीट) मध्ये एक अण्डालाई संचेतन गर्नु आमा र बुबाको सहवासको अवस्थाको रूपमा लिइन्छ । त्यहाँ उपस्थित हुनसक्ने हुन्छ । अर्थात त्यहाँ प्रविष्ट भई रहन सक्ने हुन्छ । गन्धर्व भन्ने शक्ति विशेष (प्राण?) Embryo भएकोले अवस्थादेखि Fetus अवस्था सम्म पनि उक्त गन्धर्व त्यहाँ प्रवेश गर्न सक्ने हुन्छ । आजसम्म गरिएका अनुसन्धानहरू मध्येमा आफ्नो पूर्व जाति (जन्म) आवर्जना (सम्झना) गरेका केही व्यक्तिहरूले दिइएका तथ्यहरू सत्य भएता पनि ती व्यक्तिहरूको मृत्यु (मरण) ती वच्चाहरू जन्मिनुभन्दा केही दिन आमा वा केही महिना अगाडि हो । यो तथ्यबाट पनि गन्धर्व भन्ने शक्ति त्यो बेलासम्म वर्धित गर्भमा प्रविष्ट भएको देखिन्छ । गन्धर्व (प्राण शक्ति) को आगमन वैज्ञानिक खोजबाट हालसम्म पत्ता लगाउन नसकेता पनि त्यस तथ्य पत्ता लगाउने सम्भावना रहेको देखिन्छ ।

यो शक्ति विशेष गन्धब्ब अर्थात गन्धर्व भन्ने शब्द भन्ने शब्दमाथि बौद्ध आचार्यहरू बीचमा ठुलो मतभेद रहेको देखिन्छ ।

धेरै सूत्रहरूमा गन्धब्ब सम्भवेसी शब्दले त्यस शक्ति विशेषलाई चिनाएको दखिन्छ । सर्वास्तिवादीहरूले त्यसलाई "अन्तराभव" भनी चिनाएको पाइन्छ । अर्को स्थानमा जाने वा जन्मलिने ठाउँ खोज्ने वा दुई जातिभय जिन्दगीबीच रहने प्राणी भन्ने अर्थ दिने त्यस वचनद्वय भाविता गरेता पनि शब्दबाट उपादान स्कन्ध संयुक्ति नै गम्य हुनुपर्दछ । संसारमा यात्रा गर्ने सत्वप्राणी आमाको कोखमा रहेको जीवसंग (बच्चासंग) सम्बन्ध हुनु भन्ने बुद्धको कथन देखिन्छ । संसार यात्रा गर्ने सत्वप्राणी भन्नेले हामीले देखे जस्तो कुनै मानव वा जीव-जनावर नभई एकसाथा संयोजन भएका पाँच उपादानस्कन्धहरू नै हुन् । त्यो एक प्रकारको शक्ति विशेष नै हो ।

आमाको कोख (गर्भ) रहेको सूक्ष्म कलाप बीज जिवातमक द्रव्य हो । त्यसमा उपादान संयुक्तिरूपि शक्ति विशेष प्रवेश गरेपछि प्राणीको रूपमा विकसित हुदैं जाने हन्छ । उदाहरणको रूपमा नयाँ मुद्रण यन्त्र (मसिन) लाई लिनसकिन्छ । यन्त्र बनाउनेहरूले आवश्क यान्त्रिक पार्टपूर्जाहरू निश्चित योग्यरूपमा जडान गरेका छन् । त्यहाँ कागज पठाउने, अक्षर छाप्ने, आवश्यक ठाउँमा मसी पठाउने, छापिएको कागज काट्ने आदि विविध कार्यहरू सिद्ध गर्ने विभिन्न भागहरू समूहगत रूपमा त्यस मेसिन यन्त्रमा रहेको हुन्छ । तर पनि अझै क्रियान्वित हुदैन । त्यसलाई विद्युत शक्ति (बिजुलि) प्रवेश गराएपछि मात्र आ-आफ्नो भागमा परेका कामहरू सो अनुसार गर्न क्रिया शील हुन्छन् । यस अवधि बीचमा यदि फेरी त्यस विद्युत शक्तिलाई त्यस यन्त्रमा प्रवेश हुनबाट रोक्नासाथ ती सबै कार्यहरू स्वतः रोकिन्छन् । बिजुलिरूपी शक्ति विशेष त्यहाँ रहुन्जेल क्रियाकारी हुने निष्क्रिय भएर जान्छ । त्यसरी नै आमा बुबा (स्त्री, पुरूष) रूपी यान्त्रिक शील्पिहरूले निर्माण गरेका कलाप बीजरूपी यन्त्रमा गन्धर्व अर्थात उपादान संयुक्ति विद्युत शक्ति प्राप्त (प्रवेश) गरेपछि क्रियान्वित हुने वा वर्धन हुने हुन्छ भने कुनै समयमा त्यस उपादान संयुक्ति (गन्धर्व) रूपी विद्युत शक्ति त्यहाँबाट बाहिरिए पछि हामीले चिन्ने व्यवहार गर्ने व्यक्ति मानव, जनावररूपी रोटरी यन्त्र निष्क्रिय हुन्छ र हामीले फलानाको मृत्यु भयो भनी त्यसलाई भन्छौं । त्यो मात्र एक सम्मुति हो । यस सम्मुति मृत्युपछि तत्काल अर्को जन्म लिन्छ भन्नेहरू पनि छन् । त्यस्तै ४५ दिनभित्र अर्को जन्म लिन्छ भन्नेहरू पनि नभएका होइनन् । ती सबै कथन बुद्ध देशनाअनुसार उपादानस्कन्ध संयुक्ति भन्ने अति सूक्ष्म शक्ति विशेषको सम्बन्धमा ध्यान नदिएका कारण उत्पन्न परिकल्पनाहरू मात्र हुन् भन्न सकिन्छ ।

आज नयाँ वैज्ञानिक खोजबाट प्रकट भएको अति सूक्ष्म तरंगहरू सम्वन्धमा भन्नुपर्दा मानव चित्तधाराअनुसार (मानिसले मनले सोचेअनुसार) शरीरबाट बाहिर विकिरण हुने चेतना तरंगहरू समेतको फोटो (तस्वीर) खिच्न सक्ने क्षमता भइसकेको छ । अतः मानिसको पूर्वजाति (जन्म)का विषयमा जान्न उत्सुक भएका बुद्धिमानीहरूले आज तीन प्रकारका तरिका उपयोग गरेका देखिन्छन् ।

१. पूर्वजाति आवर्जना गर्न (सम्झन) सक्ने स-साना बाल-बालिकाहरूबाट समाचार संकलन गर्नु । पूर्वजाति सम्झन सक्ने बाल-बालिका अति नै दुर्लभ हुन्छ । यो उपक्रम सार्थक तरिकाले भाविता गरेका व्यक्तिको रूपमा महाचार्य इयन् स्टीवन्सन्लाई लिन सकिन्छ ।

२. आफू मोहित भई अन्यको अतीत प्रकाश पार्नु । क्यालिफोर्नियावासी एड्गारकेसीलेर्या उपक्रमबाट धेरै कुराहरू प्रकट गर्न सक्षम भएका छन् ।

३. अन्य व्यक्तिलाई मोहित गरी उसको वा उनको सम्झना अतीतमा पठाई समाचार संकलन गर्नु । यो उपक्रम विश्वमा धेरै ठाउँमा भाविता भएका छन् ।

तेस्रो उपक्रमको माध्यमबाट प्राप्त तथ्यांकअनुसार सार्थक कहलिएको एक फिन्लेण्डका बालिकाको विवरण रोचक रहेको छ । उनलाई मोहित गर्दा २००० वर्षसम्मको अतीतमा जान सफल भएकी छिन् । ती २० शताब्दिभित्र उनी १४ पटक मात्र मनुष्यभाव प्राप्त गर्न सफल भएकी छिन् । ती प्राप्त मनुष्यभावहरूको अन्तर पनि कहिं कहिं सयौ वर्षको फरक छ । त्यसबीचको समयमा कहाँ थियो कुन अवस्थामा थियो भन्ने कुरामा उनी मौन अर्थात अज्ञान छन् । त्यसो भए बीचको समय देवी-देवताको रूपमा भूत-प्रेतको रूपमा जन्तु-जनावरको रूपमा थाहा पाउन नसकिने अन्य आत्मभावमा वा त्यस उपादान संयुक्ति शक्ति विशेष आकासमा तरंगित भईरहेको अवस्थामा भन्ने कुरा प्रष्ट नभएता पनि बुद्धशिक्षा अनुसार सम्भावना भएका तत्थ्य हुन् ।

स्त्री डिम्ब र पुरुष शुक्रकीट आमाको गर्भाशयमा वा अन्य कृतिम नलीमा संगम गराई जीव निष्पादन गर्न सकिन्छ भन्ने तथ्य "टेष्ट ट्युब बेबी" आदिले देखाइसकेको छ । त्यस जीवमा बाहिरबाट संसारयात्रा गर्ने गन्धर्व अर्थात पंच उपादान संयुक्ति गएर मिसिने हुन्छ । कृतिम नलीमा उत्पन्न जीव भएतापनि कुनै स्त्रीको गर्भाशयमा स्थापित गरिएपछि मात्र त्यो

गन्धर्व बाहिरबाट त्यसमा समावेश हुने तथ्य भन्ने प्रष्ट हुन्छ । त्यसरी एक आमा (स्त्री) को गर्भमा स्थापित भएको गन्धर्वसहितको "कलाप रूप" सत्व प्राणी मनुष्यको रूपमा वर्धन हुन योग्यता प्राप्त गरी बस्ने हुन्छ । किनकी आमा बुबा (स्त्री, पुरूष) बाट उत्पन्न जीवमा प्राण समाविष्ट भईबसेको छ । आमाको शरीरमा टाँसिएर उक्त शरीरबाट शोषित पोषणले गर्दा क्रमशः बृद्धि हुँदै जाने हुन्छ । आराममा त्यो सूक्ष्म मासुको डल्लो झैं हुन्छ । त्यसमा आश्रित प्राणी शायद विभिन्न ज्ञान, योग्यता प्राप्त गरेका पनि हुन सक्दछ ।

मोहित गरी (Hyonosis) एक एक व्यक्तिहरूको सम्झना अतीतमा लगेर अनुसन्धान गरेका मनोवैज्ञानिकहरूले यस "कलाप रूप" अवस्था सम्बन्धमा ती व्यक्तिहरूबाट प्राप्त गरेका विविध तथ्यहरू उहाँहरूले लेखेर प्रकाशित गरेका कृतिहरूमा पढ्न पाइन्छन् । त्यसमध्ये महाचार्य हेलन वेम्बोले लेख्नु भएको Life before Life नामक कृतिमा पनि २४०० जनालाई परीक्षण गरेर प्राप्त समाचारहरूमध्ये योग्य ७५० जनाको प्रष्ट कथनहरू मात्र समावेश गरेकी छिन् तीमध्ये पनि यहाँ एक दुई वटा मात्र उल्लेख गरिएको छ ।

१) "म गर्भाशयमा प्रविष्ट भएको नवौं महिनाको अन्तिम समयमा मात्र हो । उनी श्रीमानसंग आर्थिक कमजोरीका विषयमा कुरा गर्दै थिइन् । म त्यसबेलासम्म कहाँ बसेको थिएं भन्ने निश्चित छैन त्यो गर्भाशयमा प्रवेश गरेर यो जीवन बिताउन मलाई दवाब दिइरहेको जस्तो मलाई लाग्यो ।"

२) "म पूर्णरूपमा गर्भाशयमा प्रवेश गरी वसेको थिइन । म पूर्णरूपमा भित्र जानु भन्दा अगाडी त्यस गर्भाशयबाट कहिले भित्र र कहिले बाहिर गर्न सक्ने क्षमता ममा थियो । म सम्पूर्ण रूप भित्र प्रवेश गरेको जन्मन नजिक हुदैं मात्र हो । त्यो बेलामा आमाको कल्पना र डाक्टर, नर्स र मेडिकलहरूको बारेमा मलाई थाहा थियो ।"

३) "म कलाप रूपको शुरूमै त्यसभित्र प्रविष्ट भई बसें । तर नचलिकन नै बसें फेरी त्यसभित्र पसेको जन्मिनुभन्दा पहिले मात्र हुँ ।"

४) "कोखबाट बाहिर निस्कने अवस्थामा म प्रसुति खाटको माथि आकासमा घुमिरहे झै लाग्यो । म धागोले आमासंग सम्बन्ध भईबसेको थिएं ।"

५) "म कलाल रूपमा तीन महिनापछि मात्र प्रविष्ट भएको हुं । तर म निरन्तर रूपमा त्यस बसेको थिइनं । आमाको र बुबाको आकृति सम्बन्धमा मेरो उत्सुकता थियो । आमा मलाई जिउन दिनु भनी मैले आमालाई भने ।"

६) "मेरो आमा क्रोधले र भय-त्रासयुक्त भईबसेको थियो । मबाट स्वतन्त्र हुन आमालाई चाहिएको थियो र मलाई जिउन दिनु भनी मैले आमालाई भने ।"

क्रमश:

# म बौलाहा होइन

**साङ्गे ङिमा शेर्पा,**
**कर्मा लेक्सेलिङ्ग शेडा,**
सितापाइला ९, स्वयम्भू

दुःख र पीडा कसैलाई दिनुहुन्न भन्छु
माया गर्नुपर्छ सब्लाई हिंसा होइन भन्छु
यस्तै राम्रा कुराहरू सिकाउँदै घुमिहिँड्दा
बौलाहा भन्छौ तिमी
तर समाज तिमी जेसुकै भन म बौलाहा हैन

आफ्नो लागि हैन अरूका लागि सोच भन्छु
जस्मा सबको भलो हुन्छ त्यही बाटो रोज भन्छु
धर्मका कुरा सुनाउँदा अरूको दुःखमा आँसु बहाउँदा
बौलाहा भन्छौ तिमी
तर समाज तिमी जे सुकै भन म बौलाहा हैन ॥

रीस, राग, मोह आदि आजैदेखि त्यागौं भन्छु
कुदृष्टि र कुविचारहरू आजैदेखि फ्याँकौं भन्छु
शान्तिले हात फैलाउँ भन्दै बुद्धधर्म फैलाउँ भन्दा
बौलाहा भन्छौ तिमी
तर समाज तिमी जे सुकै भन म बौलाहा हैन ॥

कुनैपनि पापकर्म गर्नुहुन्न भन्छु
सम्पूर्ण पुण्य संचय गर्नुपर्छ भन्छु
आफ्नो मनलाई बसमा राख भन्दा यही नै बुद्धको शासन
हो भन्दा बौलाहा भन्छौ तिमी
तर समाज तिमी जे सुकै भन म बौलाहा हैन ॥

सारा प्राणीको दुःखहरू म एक्लै बोक्न खोज्छु
हराउँदै छन् धर्म हजुरको म त्यसलाई रोक्न खोज्छु
सकिन मैले अब हजुर नै सिकाइदिनुहोस सबैलाई
हे बुद्ध भगवान हजुर नै आइ बताइदिनुहोस् सबैलाई
म बौलाहा हैन ..............

# राजा मिलिन्द र भिक्षु नागसेन



धर्मसुन्दर वज्राचार्य

बुद्धधर्मको इतिहासमा यसको प्रचार व्यापक रूपमा हुनुका विभिन्न कारणहरू मध्ये एक तात्कालिन राजाहरू स्वयम्ले बुद्धधर्म ग्रहण गरेको पनि एक हो । बुद्धको समयमा बुद्धधर्ममा दीक्षित भएका राजाहरूमा मगधका राजा बिम्बिसार र अजातशत्रु, कोसलका राजा प्रसेनजित, वंशका राजा उदेन, कपिलवस्तुका राजा शुद्धोदन, उज्जैनका राजा चँडप्रद्योत साथै वज्जी र लिच्छवि गणराज्यका गणपतिहरू पनि हुन् ।

भगवान् बुद्धको महापरिनिर्वाणपछि मौर्य सम्राट अशोक, कुषाण राजा कनिष्क आदिले बुद्धधर्मको विस्तार गर्न उल्लेखनीय योगदान गरेका थिए । यस लेखमा त्यसै मध्येका यवन राजा मिलिन्द र भिक्षु नागसेन बारे छोटो परिचय दिने कोशिस गरिएको छ ।

## राजा मिलिन्द

मिलिन्दको जन्म इसापूर्व प्रथम शताब्दीतिर अलसन्द दीपको कलसि गाउँमा भएको थियो । अलसन्दलाई ग्रीक भाषामा "अलेक्जेड्रिया" भनिन्छ । यस क्षेत्र काबुल र पञ्चशीस नदीको खोंचमा पर्दछ । वर्तमान समयमा कलसीलाई "कन्दहर" भनिन्छ ।[१]

बाक्टेरिया राज्यका नरेश दिमित्री (१८९-१९७ ई. पू.) की छोरीसँग मिलिन्दको विवाह भयो । राजा दिमित्रीका सेनापतिमध्ये एक सेनापति मिलिन्द पनि थिए ।[२] भारतमा मौर्य साम्राज्य पतन भएपछि राजा दिमित्री र सेनापति मिलिन्दको नेतृत्वमा भारतमा हमला गऱ्यो । त्यही समयमा मेसोपोटामियाका यवनराज अत्रियाको सेनापति उक्रतिदको नेतृत्वमा बाक्टेरिया राज्यमा हमला भयो । आफ्नो राज्यमा हमला भएको खबरबाट मिलिन्दलाई त्यहीं छोडेर राजा दिमित्री आफ्नो राज्यमा फर्के ।[३]

सेनापति मिलिन्दले आफ्नो राज्य पश्चिममा काबुल, पूर्वमा मथुरा र उत्तरमा काश्मिरसम्म विस्तार गरी सागल (वर्तमा स्यालकोट)लाई राजधानी बनाई राजा भए ।

राजा मिलिन्दले यस क्षेत्रमा लामो समयसम्म शासन गरेको देखिन्छ । काबुलदेखि मथुरासम्मका विभिन्न स्थानहरूमा राजा मिलिन्दको बाइसवटा सिक्काहरू भेटिएका छन् । यी बाइस सिक्काहरू मध्ये आठवटा सिक्कामा राजा मिलिन्दको अनुहार नै कुँदिएको छ । यसरी अनुहार कुँदिएकोमा केही सिक्काहरूमा तरूण अवस्थाको अनुहार रहेको छ भने केही सिक्काहरूमा बृद्धावस्थाको अनुहार कुँदिएको छ । यसबाट राजा मिलिन्दले लामो समयसम्म शासन गरेको अनुमान गर्न सकिन्छ ।[४]

बाइस सिक्काहरू मध्ये एकाइस सिक्काहरूमा एक तर्फ ग्रीक भाषामा र अर्कोतर्फ पाली भाषामा खरोष्ठी लिपिबाट लेखिएको छ –

एक तर्फ- Basoleos Soteros Menrdaou

अर्को तर्फ- महरजस तद्रतस मेनन्द्रस

यी सिक्काहरूमा दौडिरहेको घोडा, ऊट, हात्ती, सुँगुर, चक्र र ताडपत्र कुँदिएको छ । सिक्कामा 'चक्र' कुँदिएको कारणले राजा मिलिन्दलाई बौद्ध धर्मको प्रभाव परेको पुष्टी हुन्छ । किनभने 'चक्र' (धर्मचक्र) बौद्धधर्मको एक प्रमुख चिन्ह हुन् ।

बाइसवटा सिक्काहरूमध्ये एउटा सिक्का अरू एक्काइस वटा सिक्काहरूसँग बिलकुल भिन्न रहेको छ र उक्त एक सिक्कामा यस्तो लेखिएको छ –

एक तर्फ - Basileous Dikaion Menandrou

अर्कोतर्फ - महरज धर्मिकस मेनन्द्रस

यहाँ "धर्मिकस" को अर्थ "धार्मिकस्य" हुन् । बौद्ध साहित्यमा उपासक राजालाई बराबर "धम्मराज" शब्द प्रयोग गरिएको पाइन्छ । अशोकको त नाम नै 'धर्माशोक भयो । तसर्थ यो सिक्कामा जुन 'धर्मिकस' पदको प्रयोग भएको छ, यसले राजा मिलिन्द अवश्य बौद्ध भएको पुष्टी हुन्छ ।[५]

ग्रीक शब्द "मेनाण्डर"वा "मनाँड्रोस"को पालि स्वरूप "मिलिन्द" हो । सिक्कामा प्राचीन ग्रीक अक्षरमा ग्रीक नाम कुँदिएको छ भने खरोष्ठी लिपिमा पाली नाम रहेको छ । जस्तै Menrdaou र Menandrou ग्रीक नाम हो भने खरोष्ठी लिपिमा मेनन्द्रस लेखिएको छ ।

राजा मिलिन्द कुशल योद्धा मात्र नभएर उनी ठूलो विद्वान, विदाव्यसनी तथा वाक्पटु थिए । उनले वेद, पुराण तथा दर्शनको गहिरो अध्ययन गरेका थिए । साथै उनी दार्शनिक वाद-विवादमा पनि बडा निपुण थिए । उनी उन्नाइस विद्यामा पारंगत थिए ।[६] उनको शासनकालमा बाह्र वर्षसम्म सागल नगरमा श्रमण, ब्राह्मण वा गृहस्थ पण्डितहरू उनीसँग

शास्त्रार्थ गर्नुपर्ने डरले त्यहाँ नबसी प्रायः हिमालय पर्वततिर बस्न जाने गर्थे । यसरी लामो समयसम्म कोही विद्वानहरूसँग शास्त्रार्थ गर्न नपाएपछि राजा मिलिन्दले जम्बुदीपमा आफूसँग शास्त्रार्थ गर्नसक्ने कोही नभएको अभिमान यसरी व्यक्त गरेका थिए ।[७]

"तुच्छो वत भो जम्बुदीपो वत भो जम्बुदीपो । नत्थि कोचि समणो वा ब्राह्मणो वा यो मया सद्धिं सल्लपितुं सक्काति कंखं पटिविनोदेतुंति ।"

अर्थ : तुच्छ छ भारतवर्ष ! प्रलाप मात्र छ भारतवर्ष ! यहाँ कोही यस्ता श्रमण या ब्राह्मण छैनन्, जो मसँग, मेरो सन्देहको निवारणार्थ संलाप गर्न सकोस् ।

राजा मिलिन्दले सागल नगरका संखेय्य परिवेणका आयुपाल स्थविरलाई पनि शास्त्रार्थमा हराएका थिए । आयुपाल स्थविर आफू शास्त्रार्थमा हारेपछि राजा मिलिन्दको सन्देह निवारण गर्नका लागि भिक्षु नागसेनलाई पाटलिपुत्रबाट सागल नगरमा निमन्त्रणा गरेका थिए ।

## भिक्षु नागसेन

हिमालय पर्वतको नजिक पंजाबको कजंगल नामक गाउँमा सोनुत्तर ब्राह्मणको घरमा एक बालकको जन्म भयो । उक्त बालकको जन्म भएकै समयमा त्यहाँ एक हात्तीले पनि बच्चा पाएका थिए । हात्तीको बच्चालाई "नाग" भनिन्छ । यसरी बालकको जन्म र हात्तीको बच्चा जन्म भएको संयोग परेको कारणले उक्त बालकको नाम 'नागसेन' राखियो ।[८]

सोनुत्तर ब्राह्मणले आफ्नो छोरा नागसेनलाई प्रारम्भिक शिक्षा घरमा नै दिएका थिए । नागसेनले आफ्नै निवासमा ब्राह्मण आचार्यसँग वेद मन्त्र, तीनवेदको शब्दज्ञान, छन्दज्ञान, भाषाज्ञान र इतिहासलगायत व्याकरण तथा लोकायत र महापुरूष लक्षणशास्त्र पनि सिकेर उक्त शिक्षाहरूमा पारंगत भई पण्डित भए ।

नागसेन सप्तवर्ष दशमहिनाको हुँदा स्थविर रोहणसँग भेट भयो । स्थविर रोहण नागसेनको घरमा भिक्षाको लागि आएका थिए । स्थविर रोहणलाई देखेर नागसेनलाई साह्रै नै सन्तुष्ट, प्रमुदित र प्रीतियुक्त अनुभव भयो । स्थविर रोहणसँग संसारको सर्वोत्तम मन्त्र यथार्थ ज्ञान सिक्नको लागि नागसेनले आफ्ना आमाबाबुसँग प्रव्रज्या हुने अनुमति मागी स्थविरको पछि लागे ।

स्थविर रोहणले नागसेनलाई कोटिशत अर्हतहरूको सामू प्रव्रजित गराउनुभयो । नागसेनको प्रव्रजितपछि स्थविर रोहणले उनलाई अभिधर्मको बारेमा शिक्षा दिनुभयो । भन्ते नागसेनले सातमहिनामा अभिधर्मको सात प्रकरणहरू १) धम्मसङ्गणि २) विभङ्गप्पकरण ३) धातुकथाप्पकरण ४) पुग्गलपञ्जत्ति ५) कथावत्थुप्पकरण ६) यमकप्पकरण र ७) पट्ठानाप्पकरणको अध्ययन पूरा गरी कोटिशत अर्हतहरूको सामू सविस्तार देशना गर्नुभयो ।

त्यसपछि स्थविर रोहणको आदेशानुसार भन्ते नागसेन वत्तनिय सेनासनका स्थविर अस्सगुत्त (अश्वगुप्त) कहाँ गए । त्यहाँ स्थविर अस्सगुत्तको आदेशानुसार एक महाउपासिकालाई लोकोत्तर निर्वाण-सम्बन्धी अभिधर्मको गम्भीर देशना गर्नुभयो । भन्ते नागसेनको देशना सुनी महाउपासिकालाई त्यहीबेला त्यहाँ बस्दाबस्दै रागरहित निर्मल धर्म ज्ञान प्राप्त भयो । यसरी नै भन्ते नागसेन पनि धर्मोपदेशपछि आफूले देशना गरेको कुरामा विचार गरी यथार्थ ज्ञान लाभ भई आफू बसेको स्थानमा नै स्रोतापत्ति फलमा प्रतिष्ठित भए ।

स्थविर अस्सगुत्तले भन्ते नागसेनलाई भगवान् बुद्धको सम्पूर्ण उपदेश अध्ययन गर्नको लागि पाटलिपुत्रको अशोकाराममा बस्नुभएका स्थविर धर्मरक्षित कहाँ पठाउनुभयो । भन्ते नागसेनले स्थविर धर्मरक्षितसँग तीन महिनामा सम्पूर्ण त्रिपिटकको कण्ठस्त गरी, त्यसको अर्थको ज्ञान पनि हासिल गरे । यसरी सम्पूर्ण त्रिपिटक कण्ठस्तका साथ अर्थको ज्ञान पनि हासिल गरेका भन्ते नागसेनलाई एकदिन स्थविर धर्मरक्षितले भन्नुभयो - "नागसेन ! जसरी गोठालाहरू गाईहरूको केवल देखभाल मात्र गर्छन्, दूध खाने त अरू नै हुन्छन्, त्यसरी नै तिमीले त्रिपिटक जानेर मात्र के हुन्छ, यदि श्रमणफलको भागी नबने ।"

स्थविर अस्सगुत्तको यति कुरा सुनेपछि भन्ते नागसेनले त्यही रातमा उनले प्रतिसंविदाको साथ अर्हत् पदमा प्रतिष्ठित भए । यसरी भन्ते नागसेनले विभिन्न गुरूहरूसँग बुद्धधर्मको ज्ञान प्राप्त गर्नुका साथै मार्गफल पनि प्राप्त गरे ।

## राजा मिलिन्द र भिक्षु नागसेनको भेट

भिक्षु नागसेन अस्सी हजार भिक्षुहरूसँग सागल नगरको संखेय्य परिवेणमा बस्नुभएको थियो । राजा मिलिन्द आफ्नो पाँचसय जना सेनाहरूका साथ संख्य्यय परिवेणमा भिक्षु नागसेनलाई भेट्न आउनुभयो । राजा मिलिन्दको भिक्षु नागसेनसँग पहिलो भेटमा नै पुद्गल (आत्मा), आयुसम्बन्धी प्रश्न-उत्तर भएको थियो । त्यसपछि शास्त्रार्थको लागि आह्वान गर्नुभयो । भिक्षु नागसेनले पण्डितवादअनुरूप शास्त्रार्थ गर्ने अनुमति दिए । भोलिपल्ट राजा मिलिन्दको दरबारको अन्तपुरमा शास्त्रार्थ गर्ने निधो गरी संखेय्य परिवेणबाट राजा आफ्नो दरबार फर्किए ।

यसरी राजा मिलिन्द र भिक्षु नागसेनबीच भएको शास्त्रार्थ वा प्रश्न-उत्तरको संग्रह नै "मिलिन्द-प्रश्न" हो । यस ग्रन्थलाई "मिलिन्दपञ्हं", "मिलन्द पञ्हो" या मिलिन्द "पञ्हा" पनि भन्ने गरिन्छ । यस ग्रन्थमा राजा मिलिन्दले भिक्षु नागसेनलाई सोधेका कूल तीनसय चारवटा प्रश्नहरू संग्रहित छन् । यस ग्रन्थलाई ६ अध्याय र बाइस वर्गमा विभाजित गरिएको छ । यस ग्रन्थको छ अध्याय निम्नअनुसार रहेको छ- १) बाहिर कथा (पुब्बयोगादि) २) मिलिन्दपञ्ह (लक्खणपञ्ह) ३) मिलिन्दपञ्ह (विमतिच्छेदनपञ्ह) ४) मेण्डकपञ्ह ५) अनुमानपञ्ह ५) ओपम्मकथापञ्ह

## राजा मिलिन्द बुद्धधर्ममा दीक्षित

राजा मिलिन्द र भिक्षु नागसेनबीच भएको शास्त्रार्थको अन्तमा राजाले भिक्षुसँग आफूलाई बौद्ध गृहस्थ (उपासक)को रूपमा स्वीकार्न प्रार्थना गरे - "उपासकं मे भन्ते नागसेन धारेथ" । यसरी बौद्ध उपासकको रूपमा केही समय रही राजा मिलिन्दले आफ्नो राज्य छोरालाई सुम्पेर प्रव्रजित भई विदर्शना ज्ञानलाई बृद्धि गरी अर्हत्फल प्राप्त गरे -" पुत्तस्स रज्जं निय्यादेत्वा अगारस्मा अनगारियं पब्बजित्वा विपस्सनं वड्ढेत्वा अरहत्तं पापुणी" ति ।

यसरी यवन राजा मिलिन्द बुद्धधर्ममा दीक्षित भई अरहत फल प्राप्त गरे । राजा मिलिन्दको निर्वाणपछि उनको अस्थिधातु लिनको लागि लडाई भएको उल्लेख छ ।[८] ग्रीस इतिहासकार प्लुटार्कले आफ्नो ग्रन्थमा राजा मिलिन्दको मृत्युपछि भारतका विभिन्न नगरमा उनको अस्थि राखी स्तूप बनाएको उल्लेख गरेको छ । अस्तु ।

## पाद टिप्पणी

१. दुण्ड बहादुर वज्राचार्य (अनु.), *मिलिन्द-प्रश्न*, ललितपुर : पवित्र बहादुर वज्राचार्य र अन्य, ने.सं. ११०४, भूमिका, पृ. ३९
२. राहुल सांकृत्यायन, *पालि साहित्यका इतिहास*, (नयाँ दिल्ली : वाणी प्रकाशन, सन् ११९३, पृ. १८२
३. ऐजन, पृ. १८३
४. भिक्षु जगदीश काश्यप, एम. ए. (अनु.), *मिलिन्द-प्रश्न*, (श्रावस्ती : जेतवन महाविहार पाली संस्थान, सन् १९७२, प्राक्कथन, पृ. ५
५. ऐजन, पृ. ६
६. भिक्षु सावंगी मेधंकर, *एसिया के महान् बौद्ध सम्राट*, (नागपुर : बुद्धभूमि प्रकाशन, सन् १८८४, पृ. २८

उन्नाइस विद्या यी हुन् - १) स्तुति २) समृति ३) सांख्य ४) योग ५) न्यनय ६) वैशेषिक ७) गणित ८) संगीत ९) बैद्यक १०) चार वेद ११) सबै पुराण १२) इतिहास १३) ज्योतिष १४) मंत्रविद्या १५) तर्क १६) तन्त्र १७) युद्धविद्या १८) छन्द १९ सामुद्रिक ।

७. भरतसिंह उपाध्याय, *पाली साहित्यका इतिहास*, इलाहावाद : हिन्दी साहित्य सम्मेलन प्रयाग, सन् १९९४, पृ. ५७३
८. पूर्ववत् पादटिप्पणी संख्या ६, पृ. २७

# कुतः जिं यक्को हे याना

**- बुद्ध शाक्य**

दुःखनं जिं यक्को हे सिया
भेद न्हंकेगु मू नुगःकुबिया
समाःहे मयासे जिं ब्वांब्वां वया
जः गुलि दनि जिके व नं मसी ल

थः गुलि दनि जितः व नं मसिल
गुलिसिया मयेल जि व नं मसिल
गुलिसिनं येकल जिं व नं मसिल
मखुमखु येकेत वैम्ह जि हाकन

सुँ थःजः ज्वीत वयागु जि गनं
मचायेक वैगु ब्यहाँचुलि थन
अनुभूतिया कुतः थ्व जिगु मन
न्ह्यः न्ह्यः वनाच्वन व सरासुं

म्हगस दयेवं गाःम्ह व न्ह्यःसुं
निम्हं लिफ्याना जि थन थ्यना
बुलु मिखाँ तिप्यं थौंया जः सु
कुतः ज्वनावयागु निष्पक्षताया

जुयेमफु थन जि थुभनं थ्यंक
थःत थम्हं जिं थुभनं थुयेवं
वना पर्बः पुला सुलेत जि याकनं

# सफल हुनुभन्दा असल हुनु मान्छेको लक्ष्य हुनुपर्छ



✍ सामणेर धम्मघोस

हाम्रो मन सधैं चञ्चल हुन्छ । मनलाई देख्न धेरै गाऱ्हो हुन्छ । जुन व्यक्तिले मनलाई वशमा राख्न सक्यो, उसले नै सफलताको पाकेको फललाई झारेर खान सक्छ । त्यो तीतो सत्य हो - "मनलाई वशमा राख्नु गाऱ्हो छ ।" तर वशमा राख्ने काम असम्भव पनि त छैन । यो कुरा आजभन्दा करिब २६०० वर्ष पहिले भगवान् बुद्धले साबित गर्नुभयो । हाम्रो मनमा लोभ, द्वेष, मोह, मान यी विभिन्न क्लेशहरू हुन्छन् । यी क्लेशहरू हाम्रो मनलाई मलिन पार्दछ । Mind Pollution आजको आम-समस्या हो । त्यसलाई Meditation एउटा राम्रो Solution हो ।

मानिसको जीवन सबै प्राणीहरूको जीवनभन्दा उच्च र भिन्न प्रकृतिको छ । किन उच्च ? किन भिन्न ? मानवहरू विवेकशील हुन्छन् । के सही के गलत छुट्टाउन सक्छन् । त्यसैले उनीहरूको जीवन उच्च हुन्छ । उनीहरू अन्य पशुहरू झैं खान, लाउन, सुत्न र सन्तानोत्पादनमा मात्र आफूलाई सीमित राख्दैन । आफ्नो आध्यात्मिक उन्नतिमा समेत चासो राख्दछन् । भगवान् बुद्धले शान्तिमय जीवन जिउन चाहनेहरूका लागि यी तीन कुराहरू सिकाउनुभयो - "दान, शील र भावना ।"

यी तीन आध्यात्मिक उन्नतिका खुड्किलाहरू हुन् । दान दिनाले मानिसमा कुनैपनि वस्तुप्रति लोभ (गहिरो आसक्ति) हुँदैन । यसले स्वतन्त्रताको अनुभूति गराउँछ । भगवान् बुद्ध भन्नुहुन्छ, "यदि मैले जस्तो दानको महत्व कसैले बुझेको भए एक गाँस भात पनि दान नदिई खाँदैनथ्यो होला ।" यसबाट पनि दानको कति महत्व छ भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यस्तै हाम्रो मनको मलिनता मानौं धेरै बलेको आगो जस्तै हाम्रो जीवन जलाई राख्दछ । त्यो बलेको आगोलाई निभाएर शीतल पार्ने काम शीलगुणधर्मले गर्दछ । तीनवटा शब्दको संयोजनबाट बनेको " शीतल " शब्दमा त लाई हटाउँदा शील हुन्छ । शीललाई धर्ममा हाम्रो शिर (टाउको) को जस्तै महत्व दिइएको पाइन्छ ।

ध्यान त्यो विधि हो । जसले मनलाई नियन्त्रणमा राख्दछ । मलाई याद छ म कक्षा ९ मा पढिरहँदा एउटा सानो दुर्घटनामा परी मेरो खुट्टा भाँचिएको थियो । त्यो बेलामा विश्व शान्ति विहारको कार्यक्रमअनुसार वर्षको दुई पटक ध्यान शिविर बस्नुपर्थ्यो । त्यही छोटो ध्यान अभ्यासले मेरो खुट्टा दुखाईलाई मैले धेरै सहन सकें । त्यो कुरामा मेरो परिवार र डाक्टर पनि अचम्ममा परेका थिए । त्यति छोटो समयको ध्यानले त त्यति सहनशक्ति दिन्छ भने धेरै बस्नेको त झनै धेरै सहनशक्ति हुन्छ होला ।

दान, शील र भावना यी तीन कुराको अभ्यासले हाम्रो मन नियन्त्रणमा आउँछ । आत्मनियन्त्रण नै सबैभन्दा ठूलो उपलब्धि हो । फ्रान्समा एक जना लेखक बुद्धका अनुयायी ठूलो लेखकका रूपमा चिनियो । उहाँ ३५ वर्षको उमेरमै ठूलो चर्चामा आउनुभयो । पत्रकारहरू यसको रहस्य खोतल्न थाले । त्यसपछि थाहा हुन आयो । उहाँले तीन महिना लगाएर एउटा किताब लेख्दै हुनुहुन्थ्यो रे । त्यस बेलामा परिवारलाई त्यति समय दिन नपाउँदा रूस्त भएकी श्रीमतिले उहाँको पाण्डुलिपि जलाई दिइन् । तर उहाँ रिसाउनु भएन । उहाँ फेरि त्यस मेचमा अर्को कापी लिएर लेख्न थाल्नुभयो । त्यसपछि १४ महिनाको मेहेनत पश्चात् उहाँको किताब प्रकाशित भयो र उहाँले सफलता प्राप्त गर्नुभयो । उहाँमा सहनशक्ति थियो । जुन ध्यानअभ्यासबाट उहाँले प्राप्त गर्नुभयो । यदि त्यो समयमा उहाँले धैर्य गर्न नसकेको भए उहाँ न सफल हुनुहुन्थ्यो न उहाँको पारिवारिक जीवन नै राम्रो हुन्थ्यो । उहाँको किताब धेरै मात्रामा बिक्री भयो । त्यसपछि उहाँकी श्रीमति पनि खुशी भइन् । यसबाट थाहा लाग्यो कि जीवनमा सफलताभन्दा असलता ठूलो लक्ष्य हो । त्यो असलताको सर्वोत्तम साँचो भनेको ध्यान हो ।

धेरै खुशीको कुरा हो आज हाम्र् देश नेपालमा पनि अब धेरै ध्यान केन्द्रहरू सञ्चालनमा आएका हुन् । यसले पनि धेरै विकासमा टेवा पुऱ्याउँछ भन्ने आशा पलाएको छ । जीवनमा एक पटक प्रत्येक नेपाली नागरिकहरू अवश्य ध्यान बस्नैपर्छ । त्यो अनिवार्य हुनुपर्छ । धेरै मनोवैज्ञानिकहरू लामो खोज र अनुसन्धान पश्चात् यस्तो निश्कर्षमा पुग्ने "आत्मनियन्त्रण नै सफलताको साँचो हो ।" त्यसैले किन हामी पनि ध्यान अभ्यास नगर्ने ? यी ध्यान केन्द्रहरूमा हामीलाई जीवन बिताउनुभन्दा बढी कसरी जिउनुपर्छ भन्ने कुरा सिकाइन्छ । हामीलाई थाहा छ, ठूल्ठूला जहाजहरू बन्दरगाहमा सुरक्षित हुन्छ । तर त्यसको लागि त्यो जहाज निर्माण हुँदैन । महासमुद्रको यात्राविना त्यसको प्रयोजन छैन । त्यस्तै हाम्रो मानव जीवन पनि असल बन्नको लागि अवसर हो । त्यसै खेर फाल्नाले त्यो प्रयोजनविहिन हुन्छ । त्यसले ध्यान गरौं र असल बनौं ।

# नेपालमा खस जाति र बुद्धधर्म



✍ डा. केशवमान शाक्य

***भूमिका :***

नेपालमा आफूलाई खस क्षेत्रीको पहिचान दिने जातिभित्र तीन किसिमका सामाजिक समूहहरू विद्यमान छन्- मतवाली, तागाधारी र ठकुरी । यी तीनवटा समूहहरू नेपालका विशिष्ट प्रकारका क्षेत्रीहरू हुन् । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र आएपछि यी समूहहरूले खस पहिचानमा आफूलाई पनि आदिवासी जनजातिमा सूचिकृत गर्नुपर्ने माग गर्न थालेका छन् । आदिवासी जनजातिको मौलिक परिभाषाअनुसार हिन्दू वर्णाश्रमभित्र नपर्ने समतामूलक समुदाय जस्को आफ्नै भाषा, संस्कृति र आदिथलो भएको भन्ने हो । खसले आफूलाई आदिवासी जनजाति भन्नुको तात्पर्य त्यो समुदायले हिन्दू वर्णाश्रम अनुसारको क्षेत्री पहिचान परित्याग गर्न खोज्नु हो । क्षेत्री भनेको जाति नभै हिन्दू वर्णाश्रम अनुसार बाहुन, क्षेत्री, वैश्य, शुद्र मध्येको बाहुन पछिको दोश्रो दर्जाको सामाजिक वर्ण हो । खस भनेको जाति हो र नेपालको इतिहास विकासको क्रममा सुदूर पश्चिम नेपालमा विकास भएको आदिवासी हो । साथै खस जातिकै ठकुरी मध्येको शाह परिवारको राजतन्त्रको समाप्तिपछि यो जाति अब नेपालको एउटा जनजाति (Nationality) को रूपमा विद्यमान हुन आएको पनि हो । हाल खस जातिले कतै खस क्षेत्री, कतै क्षेत्री मात्र र कतै खस मात्रको पहिचानमा जातीय रूपमा संगठित गर्दै राज्य पुनर्संरचनामा सहभागी हुन आएको छ । संघीय शासन व्यवस्थामा खसान/कर्नाली राज्यको मागको साथै राज्यका सम्पूर्ण अंगमा समानुपातिक समावेशीकरण हुनुपर्ने नारा पनि उठाएका छन् ।

यस कार्यपत्रमा उठाउन खोजेको विषय भनेको खस जातिसँग बुद्धधर्मको नाता के कस्तो रहेको छ र उनीहरूले आफूलाई हिन्दूभन्दा पनि बौद्ध भन्नुमा धेरै सार्थकता छ भन्ने हो । यस प्रतिवादको आधार भनेको सुदूर पश्चिम नेपालको खस जातिको सामाजिक र सांस्कृतिक स्वरूप र खस साम्राज्यको इतिहासमा देखिएको बुद्धधर्मको उच्च स्थान नै हो । साथै नेपालको वर्तमान राजनैतिक बहसमा खस जातिले धर्म र जातीय राजनीतिमा खेल्नुपर्ने भूमिका बारे पनि स्पष्ट पारिनेछ ।

***खस को हुन् ?***

खस जाति बारे अध्ययन अनुसन्धान गर्ने विद्वान्हरूले खसहरूबारे अनेक अड्कलहरू गरेका छन् । खसहरूको उद्‌गम थलोको बारेमा विचार राख्नेहरूले पश्चिम इरानको खशिस्तान, ककेशस पर्वत, क्याश्पियनसागर, अफगानिस्तानको खस मरूभूमि र खस नदी, बाल्हीक प्रदेशको बडा खसान, हिन्दुकुश पर्वत, काशगर, काश्मिर, कुमाउँ गढवालको खसमण्डल हुँदै नेपालको पश्चिममा कर्नाली प्रस्रवण क्षेत्रमा रहेको खस साम्राज्यसम्म देखा पर्दछन् । हाल आएर नेपालका क्षेत्रीहरूले आफूलाई खस भएको दावी गरेका छन् ।

नेपाली इतिहासको सन्दर्भमा नेपाली खसहरूको ऐतिहासिक थलो कर्नाली प्रदेश हो । खसहरू हिन्दू वर्णाश्रमबाट प्रभावित भएपछि क्षेत्री वर्ण धारण गरे, तर ईशापूर्व दोस्रो शताब्दीतिर रचिएको मनुस्मृतिमा झल्ल, मल्ल, लिच्छवि, नट, करण, खस र द्रविदलाई ब्रात्य क्षेत्रीय भनिएबाट यिनीहरूलाई तल्लो दर्जाको क्षेत्रीको मान्यता दिइएको बुझिन्छ । ब्रतबन्ध संस्कारका लागि अयोग्य तथा गायत्री जप नगर्ने भ्रष्ट क्षेत्रीहरूलाई ब्रात्य भनिन्छ भनेर मनुस्मृतिमा परिभाषित गरिएको छ । मनुस्मृतिमा खसहरूलाई कहिं वृषल (शूद्र) भएका क्षेत्रीय पनि भनेका छन् । कर्नाली प्रदेशका मतवाली क्षेत्रीहरूले मदिरा पिउने र जनाई नलगाउने प्रमाण हेर्दा खस क्षेत्रीको पुरानो रूप मान्दा अत्युक्ति नहोला । केही खस क्षेत्रीहरूलाई धेरै कालपछि मात्र बाहुनहरूले जनाई लगाइदिएको देखिन्छ ।

लगभग पाँचौं शताब्दीदेखि खस मूलका मानिसहरू कुमाउँबाट पश्चिम नेपाल प्रवेश गर्न थालेको अनुमान हुन्छ । बाह्रौं शताब्दी आइपुग्दा खस साम्राज्य स्थापना भएपछि खस अस्तित्व गौरवमय भएको देखिन्छ । पृथ्वीनारायण शाहले वर्तमान नेपाल निर्माण गरिसकेपछि खसहरूको शासन व्यापक हुनगयो । शाहकाललाई खस अहंकारवादसम्म पनि भनियो । पश्चिम नेपालमा खस क्षेत्रीहरूको बाहुल्यता यद्यपि छ भने नेपालको जनसंख्यामा सबैभन्दा ठूलो जाति खस नै देखिन्छ । सन् २००१ को जनगणनाअनुसार क्षेत्री (खस) हरू १७ प्रतिशत, बाहुनहरू १३ प्रतिशत, जनजातिहरू ३८ प्रतिशत, दलितहरू १३ प्रतिशत, मधेशी १४ प्रतिशत, मुस्लीम ४ प्रतिशत र अन्य २ प्रतिशत छन् ।

बाहुनहरूले आफूलाई आर्यजाति मान्दछन् । आर्यहरूको उद्‌गम थलो हालको इरान (आर्यान), इराक (आर्याक), अरब (आर्याब), सिरिया (श्रीआर्य) आदि क्षेत्रहरू हुन् । यिनीहरू दक्षिण पाकिस्तानबाट छिरेर सिन्धुनदीको मैदान हुँदै गंगा नदीको मैदानतिर सर्दै आएका जाति हुन् र दश बाह्र शताब्दीतिर उत्तरको पहाडी भू-भाग छिरेको देखिन्छ । कर्नाली प्रदेशतिर

बाहुनहरू थोरै संख्यामा छन् र धेरै पछि मात्र पुगेका हुन् । राजसत्ता प्राप्त गर्ने खसहरू ठकुरी बनेको र अन्य कतिपय खसहरू जनै लिएर तागाधारी-क्षेत्री बनेको निश्चित छ । ठकुरी र क्षेत्रीहरूमा धेरै संख्यामा मगर जाति पनि मिसिएका छन् । त्यस क्षेत्रमा पाइने दलितहरू भने खसहरू आइपुग्नुभन्दा पहिलेका अविकसित अनादिवासीहरू हुन सक्दछन् । मतवाली क्षेत्रीहरूलाई पावई खस पनि भनिन्छन् । रामनिवास पाण्डेको कथनअनुसार पावईहरू गोरखपुर नजिकको पावा राज्यबाट बुद्ध जीवित छँदै कोसलको हमलाबाट भागेका मल्लहरू हुन् । सत्तामा पुगेकाहरूले मल्ल थर लिएर ठकुरी पहिचान लिए भने अन्य मतवाली क्षेत्री भएर बसे ।

बुद्ध जीवित छँदै कोसलले शाक्य, कोलिए, मल्ल गणराज्यहरूमा हमला गरेका थिए । केही शाक्य र कोलियहरू भागेर काठमाडौं उपत्यका पसेको कुरा मूलसर्वास्तिवाद सूत्रमा उल्लेख गरिएको छ । केही शाक्य र कोलियहरू कर्नाली प्रदेशतिर पनि पुगेको कुरा यशोवर्माको (अछामि राऊला) अछाम जयगढको चौतारीमा ठड्याइएको एक शिलापत्रमा "ॐ मणिपद्मे हूँ महामण्डलेश्वर बुद्ध कुलावतार श्री यशब्रम्हश्चिरं जयतु" लेखिएको बाट केही संकेत मिल्दछ ।

## *खस साम्राज्यको बौद्ध इतिहास :*

वर्तमान नेपालको मध्य र सुदूर पश्चिमाञ्चल खस साम्राज्यको इतिहासभित्र पर्दछन् । यो क्षेत्र कर्नाली प्रस्रवण क्षेत्र पनि हो । पृथ्वी मल्लको दुल्लुस्थित ढुंगाको प्रसिद्ध कीर्तिस्तम्भ अभिलेख (वि. सं. १४१४) यस क्षेत्रको बौद्ध इतिहासको सबैभन्दा महत्वपूर्ण प्रमाण बन्न गएको छ । यो शिलालेखको दुबै पाटाको शिरमा बौद्ध चैत्य, प्रसिद्ध बौद्ध मन्त्र "ॐ मणि पद्मे हूँ" रञ्जना लिपिमा अङ्कित छ । यस कीर्तिस्तम्भमा पृथ्वी मल्लले आफ्ना बाबु पुण्य मल्ल र आमा शकुनमाला तथा आफ्नी रानी र छोरीका नाम समेत लेखाएका छन् ।

यस प्रदेशको बौद्ध इतिहास र खस साम्राज्यको इतिहास तिब्बतको खारी प्रदेशका राजा नागराज जावेश्वरले विक्रम सम्बत् बाऱ्हौं शताब्दीको मध्यतिर कर्नाली प्रदेशका पाल राजाहरूलाई पराजित गरी जुम्ला सिञ्जालाई राजधानी बनाएर शासन चलाएपछि शुरू हुन्छ । तिब्बतमा बुद्धधर्मको प्रभाव बलियो रहेकोले नागराज बौद्ध हुनु स्वाभाविक थियो । तिब्बती बंशावलीमा नागराज पहिले बौद्ध भिक्षु बनेको पनि उल्लेख छ ।

नागराजको शासन कुमाउँ गढवालसम्म फैलिएको थियो । गढवाल बाराहटमा प्राप्त बुद्धमूर्तिको पादपीठमा रञ्जना लिपिमा भट्टारक नागराजले राखेको स्तुप भन्ने एउटा संक्षिप्त अभिलेख प्राप्त भएकोले नागराजको साम्राज्यको फैलावट गढवालसम्म थियो । साथै त्यहाँसम्म पनि बुद्ध धर्मावलम्बीहरू थिए भन्ने कुराको संकेत गर्दछ । नागराजपछि चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल राजा भए । क्राधिचल्लपछि राजा भएका क्राचल्ल देव (वि.सं.१२६४-८०) नागराजपछि खस साम्राज्यको इतिहासमा उल्लेखनीय रहे । यिनैका पालादेखि तिथिमिति युक्त इतिहासको प्रामाणिक जानकारी हुन थाल्दछ । आफूलाई परमसौगात (बुद्धका ठूला उपासक) लेखाई बुद्धधर्मको प्रवल अनुयायी भएका थिए । तिब्बतको वंशावलीमा उनले ७० ब्रे तौलको सुनको मञ्जुघोष, २४ ब्रे तौलको सुनको स्तुप, सेता चाँदीका ५०० रूपियाँको शम्बर र १२०० रूपियाँको मैत्रेय बुद्धमूर्ति अर्पण गरेको बताइएको छ ।

क्राचल्ल पछि उनका छोरा अशोक चल्ल (वि.सं.१२८०-१३४४) राजा भए । अशोक चल्लको पालामा खस साम्राज्यमा कर्नाली प्रदेश, गण्डकी प्रदेश, खारी प्रदेश, केदारखण्ड कुमाउँ-गढवाल र संभवतः लद्दाख समेत समाविष्ट थिए । खस साम्राज्यको सबैभन्दा प्रतापि सम्राट् अशोक चल्ललाई 'सपादलक्ष शिखरि क्षमापाल चूडामणी' (सवालाख पर्वत देशका राजाहरूका मुकुटमणी) भन्ने वाक्य कुमाउँ गढवालका पुरुषोत्तमसिंहले बोधगयामा बुद्धमूर्तिसहितको गन्धकुटी बनाउँदा अभिलेखमा लेखेका छन् । अशोक चल्ललाई 'अभिनव बोधिसत्वावतार' को रूपमा वर्णन गरिएको छ । मगध राजा अशोकले जस्तै आफैले धर्मयात्रा गर्न नसके तापनि बौद्धहरूले धर्मयात्रा गर्नुपर्ने संवेजनीय स्थानमा दानधर्म गरेको अभिलेख पाइएको छ । बोधगयाको एउटा अभिलेखमा प्रवरमहायानका अनुयायी परमोपासकको सारा गुणधर्म सम्पन्न भएका श्रीमद् अशोक चल्ल देवको दानको वर्णन छ । यस अभिलेखले अशोक चल्लले आफ्ना पूज्य काश्मिर पण्डित भदन्त गुचपथी, राजगुरू पण्डित मुशल, शंकरदेव आदि पात्र (भारदार) पठाएर बुद्धमूर्ति निधान गरी विहार बनाएको वर्णन छ । अर्को अभिलेखमा प्रवरमहायानका अनुयायी परमोपासक हेवज्रका चरणरूपी कमलका धुलाका भ्रमरा वा राजाहरूमा सपादलक्ष (सवालाख) पर्वत शिखरका खस देशका महाराजाधिराज श्री अशोक चल्लका कान्छा भाई राजकुमार श्री दशरथका सेवा गर्ने भण्डारिक सत्यवचन बोल्ने, बोधिसत्वको अनुशरण गर्ने क्षेत्रीय कुलदीप श्री सहणपालको दानधर्मको वर्णन छ ।

अशोक चल्लको पालामा कर्नाली प्रदेशमा राखेका बुद्धमूर्ति, विहार र चैत्यहरूका अन्य भग्नावशेषहरूमा दुल्लु पादुकास्थानका अक्षोभ्य बुद्धमूर्ति खस साम्राज्य कालको सबभन्दा महत्वपूर्ण देखिन्छ । एउटा शिलास्तम्भमा कुँदिएको यो बुद्धमूर्ति अति सुन्दर छ । यसमा कुँदिएका अभिलेखमा 'ॐ नमो बुद्धायेः । स्री अशोक चल्लदेव स्चिरंजयतुः । सउना कार्की र साऊका कर्क्यानिको देवलः ।' लेखिएको छ । यस अभिलेखमा उल्लेखित

यो बुद्धमूर्ति बनाई चढाउने ब्यक्तिहरू सउना कार्की र साऊका कर्क्यानि भएकोबाट त्यस बेलाका साऊँद र सौका जातिका कार्कि/कर्क्यानि (कर अधिकारी) रहेको कुरा स्पष्ट हुन्छ । त्यसबेला राजाहरू मात्र नभई कर्मचारीहरू समेत बौद्ध रहेको देखिन्छ भने त्यस भेगका आदिवासी साऊँद र सौकाहरू पनि बौद्ध भएको कुरा प्रमाणित हुन्छ । यो अभिलेख खस भाषामा लेखिएका पहिलो लिखित प्रमाण पनि हो । यसबाट खस भाषाको अभिलेख्य रूप अशोक चल्लकै पालामा शुरूआत् भएको देखिन्छ ।

सुर्खेतस्थित हाल भग्नावशेष रूपमा रहेको काँक्रेविहार उनैका पालामा निर्माण भएको महशूस हुन्छ भन्ने कुरा प्रा. डा. सूर्यमणि अधिकारी तर्क गर्नुहुन्छ । अशोक चल्लपछि उनका छोरा जितारी मल्ल राजा भए । जितारीले चल्ल थर छोडी मल्ल पद धारण गर्न शुरू गरेका हुन् । रामनिवास पाण्डेका अनुसार यो मल्ल पद धारण गर्नुको पछाडि यो वंश पावा कुशिनगरबाट आएका मल्लहरू हुन् भन्ने देखाउन पनि हुन सक्दछ । जितारी मल्लले नेपाल उपत्यका तीन चोटी आक्रमण गरे र स्वयम्भू र बुंगमलोकेश्वरको पूजा गरेका थिए । ललितपुरमा एक महिना बसी यसलाई पाटन नाउँ राखे भने कान्तिपुरको काठको मन्दिरलाई काठमाडौं नाम राखेका हुन् । अशोक चल्लका अर्का छोरा आनन्द मल्ल भोटको शाक्य गुम्बामा भिक्षु बनेको थियो । आनन्द मल्लले स्वर्णपत्रमा बौद्ध ग्रन्थ 'कंग्यूर' सार्न लगाएका थिए । आनन्द मल्ललाई पनि "श्री हेवज्रपादपद्म परिचर्या परायण" भनेर लेखिएको छ । सिञ्जाका ठकुरीहरूले आनन्द मल्ललाई आफ्ना पुर्खा जालन्धरी राजा भनेर मान्दछन् ।

जितारी मल्लको देहान्तपछि आदित्य मल्लभन्दा पहिले भतिजा रिपु मल्ल दुई वर्ष (वि.सं.१३९९-७०) मात्र भए पनि राजा भएर प्रसिद्धि कमाएको थियो । गोपाल वंशावलीअनुसार वि.सं.१३६९ मा खसिया राजा रिपु मल्लले बुंगमतीमा न्हवन गराउनुभयो, सन्हं चढाउनुभयो । ग्वलमा प्रसं बस्नुभयो, स्वयम्भू चैत्यमा बान्ह सवति (बाहालमा भिक्षु भएका सबैलाई) भोज खुवाई १८ दिन जति बसेर फर्के । रिपु मल्लले लुम्बिनी र निग्लिहवाका अशोक स्तम्भमा प्राचीन नेपालाक्षरमा "ॐ मणिपद्मे हूँ, श्री रिपु मल्लस्थिरं जयतु १२३४" कुँदाएका थिए । सुर्खेत काँक्रेविहारमा रिपु मल्लको समयमा "अभिसमयालंकार" भन्ने बौद्ध ग्रन्थ सार्ने काम भएको थियो । यस ग्रन्थको पुष्पिका वाक्यमा "विक्रम् संवत् १३७० फागुण कृष्ण द्वितीया, शनिवारका दिन सुर्खेतमा राजराजेश्वर लोकेश्वर श्री रिपु मल्लदेवको राज्यमा यो ग्रन्थ "अभिसमयालंकार" सारियो लेखिएको छ । यो ग्रन्थ तिब्बतको पोष्करण गुम्बामा सुरक्षित रहेको थियो । तिब्बती वंशावलीले रिपु मल्ललाई "धेरै भारतीय राज्यका अधिपति" भनिएको छ । सिञ्जाको चौकीखोला नजिक रहेको एक अभिलेख अनुसार रिपु मल्लले लोकनाथको पाउको ध्यान सम्बन्धी सबै अर्थ (मनोकामना) सिद्ध हुने "लघुरत्नत्रय" भन्ने विद्या (पुस्तक) लेखेको कुरा उल्लेख छ ।

आदित्य मल्लको राज्यकालपछि उनका छोरा कल्याण मल्ल राजा नहुँदै दिवंगत भएका र नाति प्रताप मल्ल राजा हुनुभन्दा पनि भिक्षु हुन रूचाउँदा राजगद्दीमा उनका छोरी ज्वाईं पुण्य मल्ललाई राजा बनाइयो । यहिँ नागवंश टुंगिन्छ र गेलावंशको जयपालको छोरो् पुण्यपाललाई डोलाजी प्रथा अनुसार पुण्य मल्लको नाउँले पहिलो राजाको राज्यभार पाएको देखिन्छ । पुण्य मल्लले आफूलाई "श्री घनाराधनागतप्राज्यराज्यरक्षाक्षम" अर्थात् बुद्धको आराधनाले पाएको ठूलो राज्य रक्षा गर्न सक्षम भएको भनेको छ । वि.सं.१३९१ मा पुण्य मल्लको पालामा नेपाल उपत्यका आक्रमण गरेका थिए । शाके १२५० को ताम्रपत्रमा गोर्खा ताघवाई गुम्बामा ब्यवस्था बाँधिदिएको पाइएको छ । शाके १२५८ को एक कनकपत्रमा "अत्र साक्षिणौ सूर्यचन्द्रमसौ बुद्धधर्म संघः" लेखिएकोले उनले सूर्य, चन्द्रसँगै बुद्ध, धर्म, संघलाई पनि साक्षी रूपमा उल्लेख गरेको छ । शाके १२५९ को अर्को कनकपत्रमा "परमेश्वरपरमसौगत कुल कमल" लेखिएको छ ।

पुण्य मल्लका जेठो छोरा श्री मल्ल थियो र दुल्लुको प्रसिद्ध शिलास्तम्भ राख्ने पृथ्वी मल्ल अर्को छोरा थियो । श्री मल्ल राजा नहुँदै दिवंगत भएकोले पृथ्वी मल्ल राजा भए । पृथ्वी मल्लले पूर्वतिर नेपाल उपत्यका, पश्चिमतिर कुमाउँ, गढवाल, उत्तरतिर तिब्बतको पश्चिम भूमि र दक्षिणतिर सुर्खेतसम्म अधिनमा राखेको देखिन्छ । पृथ्वी मल्लले आफ्नो राज्यमा बसेका सबै भिक्षुहरू, ब्राम्हण, धर्मभाणक र सुत्तधरहरूलाई सबै प्रकारका कर नलिने गरेको कुरा दुल्लु शिलास्तम्भमा लेखिएको छ । धर्मभाणक र सुत्तधर शब्दहरू बुद्ध शासनको इतिहासमा अत्यन्त प्रसिद्ध र महत्वपूर्ण छन् । बुद्धको उपदेश (त्रिपिटक) चतुर्थ संगायनाबाट श्रीलंकामा लिपिवद्ध हुनुभन्दा अगाडिसम्म गुरू शिष्य परम्परामा कण्ठ गर्न लगाउने निकाय मध्येका सुत्तपिटक कण्ठ गर्ने भिक्षुहरूलाई सुत्तधर र अभिधर्मको उपदेश दिनेहरूलाई धर्मभाणक भनिन्छ । उनका पालामा अमात्य जगतसिंह राउलाको रेखदेखमा तराईबाट शीतकालीन राजधानी दुल्लु र ग्रीष्मकालीन राजधानी सिञ्जा हुँदै दक्षिण-पश्चिमी तिब्बत जाने मार्गलाई सुधार गरी राजमार्गको रूप दिइएको थियो । राजमार्गको किनारमा धर्मशाला र पनेराहरू निर्माण गरिएका थिए । दुल्लुबाट कालिकोट जाने बाटोमा हाउडीको लेकनेर ओडार जस्तो प्रस्तर निर्मित धर्मशाला अद्यावधि छ । दुल्लुको उकालोमा अमात्य देववर्माले बनाएको पात्थर नाउलीमाथि पाँचवटा चैत्य बनाएको कुरा शाके १२७६ को शिलालेखले प्रमाणित गरेको छ । त्यस्तै अछामको कूची चैत्यको शाके १२७६ को शिलालेखमा "श्री देव वर्मा जय पुण्येन सर्वे सत्वा

सुखिनो भवन्तु" वाक्य लेखिएको छ । शाके १२७७ को दुल्लु दुल्लभेश्वरको जयसिंहको शिलालेखमा "ॐ मणिपद्मे हूँ ...सुखावर्ति मोदतु" लेखिएको छ । अछाम घोडासैनस्थित तारादेवीको शिलालेखमा "ॐ मणिपद्मे हूँ श्री तारादेवीश्चिरंजयतु" लेखिएको छ । दुल्लु बालभैरबस्थित जयसिंहको शिलालेख, कालिकोट देवारगौंडाको जगतिसिंहको शिलालेख, कालिकोट थर्पुको शिलालेखमा "ॐ मणिपद्मे हूँ.. एतत्पुण्य फलाज्जीयात्पृथ्वीमल्ल नृपश्चिरम्, "मंगलं भवतु श्री पृथ्वीमल्लदेव" "अन्येनपुण्येन सर्वे सत्वाः सुखिनो भवन्तु । धर्मराज पृथ्वी मल्लः शुभं भवतु ।" लेखिएको छ । पृथ्वी मल्लको शाके १२८० को मुडेदेवल शिलालेखमा "चिरंतनजलाधारोपरिचैर्त्यत्रकारिता" लेखेको बाट त्यहाँ पानी पिउने धारा र चैत्य बनाइदिएको बुझिन्छ ।

बुद्धधर्ममा आस्था भएका पृथ्वी मल्ललाई "परमधार्मिक परमकल्पद्रुमावतार" भनिएको छ । प्रा. जिसेप टुचीको विश्लेषणअनुसार पृथ्वी मल्लको ठूलो आकांक्षा थियो र यसलाई साकार पार्न उनले अथक प्रयास पनि गरे । तर यस्तो लाग्छ कि कहिं गएर उनले ठूलो विपत्तिको सामना गर्नुपऱ्यो । पृथ्वी मल्ल निःसन्तान भएकोले जालन्धरी मल्लका नाति तथा रिपु मल्लका माहिला छोरा सूर्य मल्ल खस साम्राज्यको सिंहासनमा पुनः नागराजका पुरूष सन्तानको रूपमा पुगेको कुरा श्रीपाली वंशावलीबाट देखिन्छ । तर पृथ्वी मल्लको अन्तिम समयतिर नै खस साम्राज्य चरमराउन थालेको देखिन्छ । उनकै पालामा डोटी प्रदेश, खारी प्रदेश र कुमाउँ-गढवाल स्वतन्त्र भए ।

पृथ्वी मल्लको राज्यकालमा यशोवर्मा अत्यन्त प्रभावशाली महामात्य थिए । उनलाई "अछामि राऊला" पनि भनिएको छ । एउटा दानपत्रमा उनका सन्तानहरू जयतवर्मा, श्रीवर्मा, सुजानवर्मा र सुमेरूवर्माको नाम दृष्टिसाक्षीको रूपमा देखिएका छन् । राज्यका महत्वपूर्ण व्यक्तिहरू प्रायः दृष्टिसाक्षीमा रहने गर्दथे । वर्मान्त नामधारी उपयुक्त ब्यक्तिहरूमा "राऊला" विशेषण लगाइएको छ । "राऊला" पद राजपुत्रको पर्यायवाची मानिन्थ्यो । एउटा अति चाखलाग्दो विषय भनेको यशोवर्मालाई "बुद्धकुलावतार" भन्नु हो । यसले कहिं कपिलवस्तुका शाक्यहरूका सन्तानहरू नै वर्मा भएर बसेका त होइनन् भन्ने प्रश्न पनि गर्न सकिन्छ ।

पृथ्वी मल्लले बुढेसकालमा राजकाजमा ध्यान दिन छाडेकाले सिञ्जाका भारदारहरू प्रशासनमा आ-आफ्नो पकड जमाउन आपसमा होडबाजि गर्न थाले । यो सत्ता संघर्षमा यशोवर्माले अरू सबैको प्रभावलाई समाप्त पारेर पृथ्वी मल्लका सबभन्दा शक्तिशाली महामात्य बने । उनका सन्तानहरूले प्रशासनमा आफ्नो नियन्त्रण कायम राखे । विशेष गरेर महामात्य तथा महामण्डलेश्वर यशोवर्मा, महामात्य सुजनवर्मा, महामण्डलेश्वर मेदिनीवर्मा, मण्डलीय रूपनारायण संसारवर्मा हुँदै मलयवर्माको पालामा महाराजाधिराज नै भएर वर्मा परिवारको प्रतिस्था बढाएको देखिन्छ । तर मलयवर्माका १२ छोराहरूमा खस साम्राज्य बाँडफाँड भएर विघटन भए । विघटनमा कुमाउँ गढवालतिर गरूड ज्ञानचन्द, तिब्बतमा चाङ्ग-चुव ग्याल्त्सेन, डोटीमा रैका निरयपाल, जुम्लामा कल्याल बलिराजले राज्य स्थापना गरे । वर्मा परिवारका महत्वाकांक्षी सदस्यहरूले सल्यान, जाजरकोट, डुल्लु, अछाम, दैलेख, दर्ना, छिल्ली, माल्नेटा राज्यहरू चलाए । बझाङ भेकका रजौटाहरू यशोवर्माकै सन्तान भएता पनि पछि कुनै समयमा वंश परिवर्तन भएको र नयाँ राजपरिवारले "सिंह" लेख्न थालेको बुझिन्छ । सिंह वंशीका राज्यमा बझाङ, बाजुरा, थलहरा र दाङ थिए । गण्डकी प्रदेशमा पर्वत र गलकोटका राजाहरू पनि मलयवर्माकै सन्तान मानिएका छन् । अन्तमा खस साम्राज्य यसरी बाइसे राज्यहरूमा विभाजन भए ।

### *खसहरू बौद्ध हुन् :*

खस साम्राज्यमा बुद्धधर्म राजकीय धर्म रहेको थियो । नागराज जावेश्वर र उनका उत्तराधिकारी राजाहर बुद्धधर्मका ठूला अनुयायी भए । राजा र राजपरिवार मात्र नभएर कार्कि, राऊला, राउत, वर्मा, सिंह, थापा, भण्डारी, सेजवाल, कुंवर, खड्का, जेइसी जस्ता प्रभावशाली भारदार र सामन्त पनि बुद्धधर्ममा प्रवल आस्था राख्दथे भन्ने कुरा उनीहरूले राखेका शिलालेख, कनकपत्र, रजतपत्र, ताम्रपत्रबाट देखिन्छ । शिलालेखमा "ॐ मणिपद्मे हूँ" र राजाहरूलाई "परमसौगात", "प्रवरमहायानयिन", "हेवज्रपादपद्मप्राज्यराज्य रक्षाक्षम्" इत्यादि भनिएकोले खस साम्राज्यको राजकीय धर्म बुद्धधर्म भएको प्रष्ट हुन्छ । दानपत्रहरूमा बुद्ध, धर्म, संघ साक्षी राखिएकोबाट पनि राजकीय धर्म रहेको कुरा देखिन्छ ।

कर्नाली प्रस्रवण क्षेत्रमा पश्चिमतिरबाट खसहरू प्रवेश गर्नुअगाडि त्यस क्षेत्रमा मस्तो मान्ने आदिवासीहरू थिए । पछि पावाका मल्लहरू, कपिलवस्तुका शाक्यहरू, कोलियका मगरहरू, खारप्रदेशका जाडहरूले बुद्धधर्म ल्याए । श्रीपाली वंशावलीमा नागराजले वडुवालराजा, रावलराजा, पालराज, थापाराजा, खड्काराजा, विष्टराजा र जाडेराजालाई मारेर खारीकोटको राज्य बढाएको र सिंजानगरीमा दरबार खडा गरेको उल्लेख हुनुबाट खस साम्राज्य खडा हुनु अगाडिको राजनैतिक परिवेशको अन्दाज लगाउन सकिन्छ ।

नवौं शताब्दीमा शंकराचार्यले बौद्ध मार्गीहरूलाई आक्रमण गर्नुअगाडि बदरीनाथ र केदारनाथमा समेत बौद्ध पुजारी भएको र पछि दक्षिण भारतीय ब्राम्हणहरूलाई पुजारी बनाएको उल्लेखबाट कुमाउँ गढवालदेखि पूर्वी पहाडहरूमा बुद्धधर्म फैलिएको कुरा त्यस भेगमा पाइएका बुद्धधर्मसँग सम्बन्धित मूर्ति र अभिलेखबाट सिद्ध हुन्छ । कुमाउँ भेगका खस राजाहरू खारी प्रदेशमा शासन गर्न पुगे । त्यसै बेला तिब्बतमा बुद्धधर्म विरोधी राजा लाङदर्माको

हत्या भएको थियो । तिब्बतमा बुद्धधर्म फेरि सशक्त भएर आयो । खारी प्रदेशमा आएर खस राजाहरूले बुद्धधर्मलाई अझ बलियो पारेर एकीकरणपछि खस साम्राज्य बुद्धधर्मलाई राजकीय धर्ममा स्थापित गऱ्यो । नागराजका सन्तानहरूले आफ्नो साम्राज्य र प्रभाव कुमाऊँ गढवालतिर फेरि फैलाएका थिए । अशोक चल्लको पालामा यस भेगमा पुरूषोत्तम सिंहले बोधगयामा बुद्धमूर्तिसहित गन्धकुटी बनाएको अभिलेखबाट सिद्ध हुन्छ ।

विक्रम सम्बत् १४०० पछि कुमाउँ गढवाल, खारी प्रदेश, डोटी प्रदेश खस साम्राज्यबाट स्वतन्त्र भए भने वि.सं.१४५० पछि जुम्ला राज्य बलिराजले (उत्तिम थापाका छोरा र कल्याल वंशको संस्थापक) खोसेपछि खस साम्राज्य बाइसे राज्यमा विघटन भए । खस राज्यको विघटनपछि हिन्दूकरणको प्रभाव बढ्न गयो । राजा हुने परिवारहरू (मल्ल, सिंह, वर्मा, शाही आदि) ठकुरी भए भने कार्कि (कर अधिकृत), थापा (स्थानिय प्रशासक), खड्गा (खड्गधारी सेना), विष्ट, बुढा, बोहरा, राउत, रावल, बस्नेत, महत, भण्डारी, रोकाया आदि सरकारी ओहडामा बस्ने तागाधारी क्षेत्री भए र प्रजाको रूपमा खेति किसानी गर्ने खसहरू मतवाली क्षेत्री भए ।

***निष्कर्ष :***

बाऱ्हौं शताब्दीमा कर्नाली प्रस्रवण क्षेत्रमा उदय भएको खस साम्राज्य पन्ध्रौं शताब्दीमा बाइसे राज्यमा विघटन भएपनि खस शासकहरूले गण्डकी प्रदेश हुँदै नेपालमण्डलसम्म शासन गर्न पुग्यो भने पछि पृथ्वीनारायण शाहले वर्तमान नेपालको एकीकरण गरेर आधुनिक नेपाल राज्यको समेत निर्माण गर्न पुगे । एक वर्ष अगाडि राजा ज्ञानेन्द्रले राजगद्दी त्यागेर गणतन्त्र घोषणा गर्नु अघिसम्म पनि नेपालको शासक खस सम्राट् शाह ठकुरीलाई मानिन्छ । शाह राजतन्त्रको समाप्तिपछि खस शासनको इतिहास पनि सकिन्छ । खस जातिको रूपमा रूपान्तरित ठकुरी, क्षेत्रीहरूले संघीय गणतन्त्र नेपालमा आफ्नो पहिचानको पुनःपरिभाषा गर्न खोज्दैछ र आदिवासी जनजातिमा सूचिकृत हुन चाहना गरेको छ । खस जातिको इतिहास हेर्दा नेपालमा यो जाति आदिवासी जनजाति नै हुनआएको छ । मुख्य प्रश्न आदिवासी जनजातिको पहिचान प्राप्त गर्न खोज्नुको तात्पर्य के हो भन्ने कुरा स्पष्ट बाहिर आउन बाँकि छ ।

खस जातिले आदिवासी जनजाति पहिचान सुदृढ गर्न खोज्नुको उद्देश्य हुनसक्छ- खस जातिको गौरब र इतिहास संरक्षण गर्नु, संघीय गणतन्त्र नेपालमा खस संघीय राज्य स्थापना गर्नु र साथै राज्यका सबै अंगमा समानुपातिक प्रतिनिधित्व सुरक्षित गर्नु । तर यस खस जातिले शुरू गरेको पहिचानको राजनीतिमा खस जातिलाई उच्चतामा पुऱ्याएको बुद्धधर्मलाई पुनः मूल्यांकन गर्न बिर्सेमा आफ्नो गौरबलाई प्रकाशमय बनाउन नसकिएला । साथै खस जातिको पहिचानको राजनीतिमा पनि अहम प्रभाव पार्दछ । खस जाति आदिवासी जनजातिमा समावेश भएपछि नेपालमा आदिवासी जनजातिको जनसंख्या ५५ प्रतिशत (३८ प्रतिशत जनजाति र १७ प्रतिशत खस क्षेत्री) पुग्दछ । यो भनेको यस जनसंख्याले नेपालको राजनीतिमा निर्णायक स्थान ओगट्नेछ । यो समिकरणलाई १३ प्रतिशत बाहुन, १४ प्रतिशत मधेशी र १२ प्रतिशत दलितले कसरी लिने हो अहिले अन्दाज लगाउन सकिंदैन । खस जातिले आफ्नो बौद्ध इतिहासप्रति कृतज्ञ भई बुद्धधर्मको विकासमा पनि योगदान दिन थाले नेपालको धार्मिक पहिचानमा पनि ठूलो परिवर्तन आउनेछ र अन्तर्राष्ट्रिय स्थानमा पनि प्रभाव पार्नेछ ।

खसहरू बौद्ध थिए, आज पनि अन्य बौद्धहरूले खस पहिचानको अभियानप्रति सकारात्मक नै हुनुपर्छ । साथै खस साम्राज्यमा बुद्धधर्मको साथै हिन्दूधर्म र मस्तोधर्मलाई पनि सम्मान र उच्चस्थान दिएर धार्मिक सद्भाव र समृद्धि गरेको कुरा पनि बिर्सनुहुन्न । साथै खस साम्राज्यमा धर्मभाणक र सूत्रधरहरूलाई सम्मानित स्थान दिइराखेको कुरा पनि सम्झनुपर्छ ।

अन्तमा, नेपालमा जाति, धर्म, भाषा र संस्कृतिको कुरा गर्दा डोरबहादुर विष्टको "भाग्यवाद र विकास" पुस्तकलाई मनन गर्नुपर्दछ । यी नै कुराको आधारमा नेपालमा "आफ्नो मान्छे" को संस्कृति विकास हुन गई समाज र देश विकास हुन नसकेको हो । नेपाली सबैमा हामी भन्ने भावना कसरी विकास गर्ने भन्ने कुरामा पनि संवेदनशील हुनुपर्छ । वर्णाश्रमी समाजबाट नेपाली नेपाली बीच शंका, विश्वासघाट, भ्रष्टाचार व्याप्त छ । समतामूलक समाज विकास गर्नमा हामी लाग्नुपर्दछ । खस क्षेत्री समाजले ठोस योगदान पुऱ्याउन सक्दछ ।

***केही सन्दर्भ ग्रन्थहरुः-***


१. सूर्यमणि अधिकारी, *खस साम्राज्यको इतिहास*, काठमाडौं, २०६१ ।

२. धनवज्र, वज्राचार्य, *कर्नाली प्रदेशको ऐतिहासिक रूपरेखाः कर्नाली प्रदेश एक छोटो अध्ययन*, जुम्ला, २०२८ ।

३. रामनिवास पाण्डे, *मेकिङ् अफ् मोडर्न नेपाल*, नयाँ दिल्ली, इ.सं.१९९७ ।

४. डोरबहादुर विष्ट, *फेटालिज्म एण्ड डेभलपमेण्ट*, ओरिण्ट लंगमैन, हैदरावाद, इ.सं.१९९१ ।

५. डिल्लीरमण रेग्मी, *मिडिभल नेपाल*, भाग-१, रूपा कंपनी, दिल्ली, इ.सं.१९६५ ।

६. बालकृष्ण पोखरेल, *खस जातिको इतिहास*, विराटनगर, २०५५ ।


**२०६६ श्रावण ३१ का दिन धर्मोदय सभाद्वारा आयोजित समीक्षात्मक गोष्ठीमा प्रस्तुत कार्यपत्र - सं.**

टिप्पणी

# 'नेपालमा खस जाति र बुद्धधर्म'



✍ डा. दिलबहादुर क्षेत्री
पृथ्वीनारायण क्याम्पस, पोखरा

डा. केशवमानले 'नेपालमा खस जाति र बुद्धधर्म' विषयक कार्यपत्रलाई भूमिका, खस को हुन् ? खसहरू बौद्ध हुन् र निष्कर्ष गरी पाँच बुँदामा विभक्त गरी लेखेका छन् । यो कार्यत्रप खोजमूलक एवं गहन अध्ययनमा आधारित देखिन्छ । कार्यपत्र प्रस्तोताले आफ्नो मौलिक मान्यताहरू पनि स्थापित गर्न खोजेको पाइन्छ ।

अब यहाँ यस कार्यपत्रको सबल र कमजोर पक्षहरूको सन्दर्भमा छोटो चर्चा गर्न चाहन्छु । सबल पक्षको सन्दर्भमा चर्चा गर्दा कार्यपत्र प्रस्तोताबाट खसहरूको उद्‌गमस्थल एवं नेपालको सन्दर्भमा उनीहरूको ऐतिहासिक थलो कर्णाली प्रदेश, मनुस्मृतिमा उल्लेख भएका कुराहरू, खसमल्ल शासकहरूको शासनकाल, उनीहरूको बुद्धधर्मप्रतिको आस्था, सम्मान एवं सम्बर्द्धनबारे सप्रमाण प्रस्तुत गरिएको छ । खस शासनकालमा कर्णाली प्रस्रवण क्षेत्रमा बुद्धधर्म नै राज्यको धर्म भएको उल्लेख गरिएको छ, जुन सत्य हो । कार्यपत्रको निष्कर्ष खसहरू बौद्ध मतावलम्बी भएकाले उनीहरूको पहिचानको अभियानप्रति बौद्ध मतावलम्बीहरू सकारात्मक हुनुपर्दछ भन्ने रहेको छ ।

खस जातिकै मानिसहरू कोही शासक, कोही शासित अनि हिन्दुवादी ब्राह्मणहरूको प्रभावमा परी तागाधारी र मतवाली क्षत्रीमा रुपान्तरित भएको तथ्य पनि स्पष्ट नै छ । कार्यपत्र प्रस्तोताले आफ्नो कार्यपत्रको निष्कर्ष खण्डमा खस शासकहरूले कर्णाली प्रस्रवण क्षेत्रदेखि गण्डकी प्रदेश हुँदै नेपालमण्डलसम्म शासन गर्न पुग्नुका साथै पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीको योजनाअनुसार खण्डित मुलुकलाई एकीकरण गरी वर्तमान आधुनिक नेपाल निर्माण गरेको तथ्य पनि सही रूपमा प्रस्तुत गरेका छन् ।

कार्यपत्रका केही कमजोर पक्षहरू पनि रहेका छन्, जुन स्वाभाविक हो । कार्यपत्रले आफ्ना मान्यतालाई स्थापित गर्ने मूलाधार, स्रोत खुलाएको छैन । जसका तथ्यहरूप्रतिको आशंकाको निवारण हुन सकेन ।

कार्यपत्र प्रस्तोताको "..खस जातिकै ठकुरी मध्येको शाह परिवार राजतन्त्रको समाप्तिपछि यो जाति अब नेपालको एउटा जनजाति (Nationality) को रूपमा विद्यमान हुन आएको पनि हो ..संघीय शासन व्यवस्थामा खसान/कर्णाली राज्यको मागको साथै राज्यका सम्पूर्ण अंगमा समानुपातिक समावेशीकरण हुनुपर्ने नारा पनि उठाएका छन्" भन्ने अभिमत उहाँले जिकिर गरेजस्तो सत्य होइन । समानुपातिक तथा समावेशीपनका नारा उठाए तापनि आमरूपमा खसहरूले खसान/कर्णाली राज्यको माग उठाएका छैनन् । आम क्षत्रीहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा स्थापित 'क्षत्री समाज नेपाल' जातीय राज्यको विरूद्धमा क्रियाशील समेत छ । सर्वप्रथम "आदिवासी जनजाति" को नेपालको परिभाषा नै गलत छ । आदिवासी र जनजाति एउटै परिभाषाअन्तर्गत पर्दैनन् । कारण आदिवासीहरू जनजाति हुन सक्दछन् तर सबै जनजातिहरू आदिवासी हुन सक्दैनन् । यस सन्दर्भमा स्वयं जनजातिको वकालत गर्ने विद्वान् परशुराम तामाङलगायतले आदिवासी/जनजातिको सट्टा आदिवासी जाति र जनजाति भनी स्पष्ट उल्लेख गर्नुपर्ने जोडदार माग गर्दैछन् । जातिको आधारमा राज्यको नामकरणले मिश्रित रूपमा बसोबास गरिरहेका नेपाली समाजका विभिन्न जातजातिहरूका बीचमा रहेको सद्‌भावलाई बिगारिदिन सक्दछ । त्यसैले राज्यको नामाकरण प्राकृतिक नामका आधारमा गरिनुपर्दछ भन्ने धारणा खस क्षत्रीहरूको रहेको छ ।

लगभग पाँचौं शताब्दीतिर खस मूलका मानिसहरू कुमाउँबाट पश्चिम नेपाल प्रवेश गर्न थालेको अनुमान हुन्छ भन्ने कार्यपत्र प्रस्तोताको भनाइ पनि तर्कसंगत छैन । किनकि विभिन्न प्रमाणहरूले स्पष्ट पारेका छन् कि खस क्षत्रीहरू त्यो समयभन्दा धेरै पहिले नेपाल प्रवेश गरेका थिए । विद्वान् शेफर खसहरू आर्य जातिका मानिसहरू र काश्मिरी तथा दरदहरू जस्तै भएको तर्क अघि सार्दै उनीहरू महाभारत युद्धकाल (१२००-१४०० ई.पूर्व) तिर सतलज नदीका माथिल्ला भागमा र मानसरोवर लेक वरिपरि बस्ने गरेको उल्लेख गर्दै खसहरूलाई नेपाल र कुमाउँका हिमाली क्षेत्रका बासिन्दा मान्दछन् (१९५४:५३) ।

इगरमेन्ट खसहरू अशोककालीन एउटा प्रमुख जाति भएको उल्लेख गर्दछन् (१९९१ : १४१) । एटकिनसन खसहरूलाई नाग जातिसरह एक बलियो आर्य जाति भएको

धारणा राख्दै यिनीहरू नेपालको हिमालय पर्वतमालाका विभिन्न भागमा धेरै पहिलेदेखि बसोबास गरेको जाति भनी उल्लेख गर्दछन् (१९७४ : ३८०-३९९) । खस सभ्यताको प्राचीनतालाई उजागर गर्दै विद्वान् रत्नाकर देवकोटा लेख्दछन् । "सिन्धुघाँटीको सभ्यता र कर्णाली प्रदेशको सभ्यता एउटा मुद्राका दुई पाटा हुन्" (२०६४ : ६८) । सिन्धुघाँटीको सभ्यताको अवधिलाई पुरातत्वविद्हरूले, २८०० देखि २,२०० ईशापूर्वलाई मानेका छन् (अधिकारी, २०५७ : ४२) ।

यस्तै गरी तल्लो मुस्ताङमा गरिएको उखनन् एवं अध्ययनअनुसार पश्चिम एशियाबाट पञ्जाव र काश्मीर हुँदै आर्यजातिका अनेक समूह नवपाषाण युगमै (नवौं-आठौं) शताब्दी ई.पू.तिर) नेपालका उत्तरी पर्वत श्रेणीमा गुफा तथा नदीका किनारमा बसोबास गरेका अवशेषहरू फेला परेको पाइन्छ । ती अवशेषहरू प्राचीन खस जातिसँग सम्बन्धित छन् कि ? भन्ने अभिमत पुरातत्व विभागका पूर्व डेपुटी डाइरेक्टर जनरल तारानन्दन मिश्र राख्दछन् । यस अभिमतलाई गहिरिएर नियाल्दा कुमाउँ हुँदै नेपालको कर्णाली प्रस्रवण क्षेत्र प्रवेश गर्ने आर्य जातिका मानिसहरू खसहरू नै भएको तथ्य अब प्रमाणित भइसकेकाले कुनै आशंका गर्नुपर्ने ठाउँ देखिँदैन । अतः यी विविध प्रमाणहरूले प्रमाणित गरिसकेका छन् कि अब खस क्षत्रीहरू इस्वीको पाँचौं शताब्दीतिर नेपाल प्रवेश गरेको धारणा स्वतः गलत सावित भएको छ ।

कार्यपत्रले खसहरू र दलितहरूलाई अलग समुदाय भनी उल्लेख गर्दै उनीहरू खसहरूभन्दा धेरै पहिलेदेखि नै कर्णाली प्रस्रवण क्षेत्रमा बसोबास गर्ने अनादिवासी भनी उल्लेख गरेको कुरा पनि तर्कसंगत देखिंदैन । सत्य कुरा के हो भने मूलतः कर्णाली प्रस्रवण क्षेत्रमा बसोबास गर्ने आर्य मूलका दलितहरू पनि खस समुदायभित्रकै जाति हुन् । अतः यस प्रमाणले पनि खस समुदाय यस मुलुकको आदिवासी मात्र नभई अनादिवासी हो भन्ने स्पष्ट हुन आउँछ ।

कार्यपत्र प्रस्तोताले खसहरूलाई बौद्ध भएको जिकिर गर्नुभएको सन्दर्भमा सोचविचार गर्दा खसक्षत्रीहरू पहिले प्रकृतिपूजक भएको तथ्यलाई बिर्सनु हुँदैन, जसको ज्वलन्त प्रमाणका रूपमा उनीहरूले अद्यावधि वर, पीपल, तुलसी, कुस, दुबोजस्ता बोटविरूवा, घाँस आदि र गुफा, नदीनाला, पृथ्वीलाई श्रद्धापूवर्क पुज्ने परम्परालाई प्रस्तुत गर्न सकिन्छ ।

यो पनि तथ्य हो कि खसहरू शाक्य वंशका एक क्षत्रिय राजकुमार गौतम बुद्धले प्रतिपादन गरेको बुद्ध-दर्शन जो बुद्धधर्मले स्थापित छ, त्यसबाट प्रभावित भई उनीहरूले बुद्धधर्मलाई आत्मसात गरेका थिए । स्वयं तत्कालिन खस शासकहरू नै बुद्धधर्म-दर्शनप्रति आकर्षित भएका र उनीहरूबाट बुद्धधर्मलाई नै राज्यको धर्म मपनाइएको हुनाले कर्णाली प्रस्रवण क्षेत्रका खस समुदायका क्षत्रीहरू बुद्धधर्मका प्रवल अनुयायी बने । कर्णाली प्रस्रवण क्षेत्र अर्थात् खस क्षत्री शासकहरको बुद्धधर्म-दर्शनको संरक्षण एवं सम्बर्द्धनमा महत्वपूर्ण योगदान रहेको तथ्य स्पष्ट नै छ । यसो भनिरहँदा यस तथ्यलाई पनि बिर्सनु हुँदैन कि खस शासकहरू हिन्दूधर्म-दर्शनप्रति पनि त्यत्तिकै सहिष्णु थिए । यस मुलुकमा यसको सभ्यताको आरम्भदेखि नै धार्मिक सहिष्णुता एवं जातीय सद्भाव कायम गर्न लिच्छविवंशी, शाक्यवंशी एवं खसवंशी क्षत्रीहरूको अहम् भूमिका र योगदान रहेको तथ्य हाम्रोसामू स्पष्ट छ ।

कार्यपत्रमा उल्लेख भएअनुसार "कर्णाली प्रस्रवण क्षेत्रमा पश्चिमतिरबाट खसहरू प्रवेश गर्नुअगाडि त्यस क्षेत्रमा मस्तो (मस्टो) मान्ने आदिवासीहरू थिए" भन्ने अभिमत पनि तर्कसंगत देखिँदैन । किनकि मस्टो पुज्ने परम्परा खस समुदायको प्राचीन र मौलिक परम्परा हो । कर्णाली प्रस्रवण क्षेत्रमा प्रवेश गर्ने खस समुदाय मूलतः क्षत्रीहरू नै पहिला भएको हुनाले मस्टो पुज्ने परम्पराबारे अन्यथा सोच्नु पर्ने नै हुँदैन ।

खस जाति विभिन्न कालखण्ड पार गर्दै आउँदा उनीहरू जनजातिको स्तरबाट उठी आदिवासी जातिका रूपमा आफूलाई स्थापित गर्दै राज्यको पुनर्संरचना गरी संघीय राज्य कायम गर्दा जातिको आधारमा हुनु हुँदैन भन्ने जोडदार माग गरेको तथ्यलाई बिर्सनु हुँदैन । खस क्षत्रीहरू विभिन्न जातिको नाममा संघीय राज्यको निर्माण गर्नु भनेको सदियौंदेखि कायम रहेको जातीय सद्भाव, सहिष्णुता र राष्ट्रिय अखण्डतामा खलल पुऱ्याउनु हो भन्ने दृढ मान्यता राख्दछन् । आफ्नो दृढ धारणाप्रति सबै राष्ट्रवादी, देशभक्त नेपाली आदिवासी जाति एवं जनजातिहरू सहमत हुनुपर्दछ भन्ने मान्यता राख्दै संघीय राज्यहरू पनि सबै नेपालीका आफ्ना राज्य हुन् भन्ने व्यवस्था होस् भन्ने आग्रहसमेत गर्दछन् ।

**निष्कर्ष** :

"खसहरू बौद्ध थिए, आज पनि अन्य बौद्धहरूले खस पहिचानको अभियानप्रति सकारात्मक नै हुनुपर्छ... खस साम्राज्यमा बुद्धधर्मको साथै हिन्दूधर्मलाई पनि सम्मान र

उच्चस्थान दिएर धार्मिक सद्भाव र समृद्धि गरेको कुरा विर्सनु हुन्न_।" भन्ने कार्यपत्र प्रस्तोताको अभिमत सही र मननयोग्य ठहर्दछ । यहाँ स्मरण गर्नुपर्ने सत्य के हो भने हिन्दू तथा बुद्धधर्म-दर्शनको प्रभावमा आउनुपूर्व खसहरू प्रकृति पूजक नै हुन् जुन माथि नै चर्चा गरिसकिएको छ । कर्णाली प्रस्रवण क्षेत्रका खस शासकहरू बुद्धधर्म-दर्शनको प्रभावमा आएपछि खस शासकहरू नै बुद्ध-दर्शन (धर्म) का प्रबल उपासक बने र अन्ततः उनीहरूले बुद्धधर्मलाई नै राज्य धर्मका रूपमा स्थापित गरे । राज्यले अपनाएको धर्म नै जनताको पनि धर्म बन्न पुगेकाले समग्रतामा खस क्षत्रीहरू पनि बुद्धधर्मानुयायी बनेको सत्य हो । बुद्धधर्मका प्रणेता स्वयं सिद्धार्थ गौतम क्षत्री कुलमा एक महान दार्शनिक भएका, नेपाल स्वयं नै बुद्धधर्म-दर्शनको जन्मभूमि भएको साथै त्यो दर्शन नै अन्ततः धर्मका रूपमा स्थापित भएकाले सम्पूर्ण क्षत्रीहरू एवं समग्रमा नेपालीहरूले बुद्धधर्म-दर्शनप्रति गौरव गर्नुपर्दछ । यो उनीहरूको परम कर्तव्य र दायित्व पनि हो । तर धर्म व्यक्तिगत आस्था भएको कारण कसैले जबर्जस्तीरूपमा कसैलाई पनि लाद्न मिल्दैन । धर्मनिरपेक्षताको अर्थ यही हो ।

एक अकाट्य सत्य यो पनि हो कि केही समय यता आएर यस मुलुकका महत्वपूर्ण एवं नेपाली समाज र संस्कृतिका सम्वाहक बुद्ध एवं हिन्दूधर्मका अनुयायीहरू बीच वैमनस्यता र कटुतापूर्ण परिवेश तयार गरी आफ्नो निहित स्वार्थ पूर्ति गर्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय षडयन्त्रपूर्ण प्रपञ्चहरू भइरहेका छन् । यसतर्फ सबै नेपालीहरू मूलतः हिन्दू तथा बौद्धमार्गीहरूले आफूभित्र रहेका अन्धपरम्परावादी सोच चिन्तनबाट माथि उठी आपसिक सद्भाव, सहिष्णुता, सहअस्तित्व र समन्वय गरी अघि बढ्नु जरूरी छ । सनातन हिन्दूधर्म पनि नेपालीको मौलिक संस्कार र संस्कृतिका रूपमा स्थापित भइसकेकाले बौद्धमार्गीहरू बुद्धले प्रतिपादन गरेको मूल्य, मान्यता र दर्शनप्रति संवेदनशील हुनु जरूरी छ भने हिन्दूहरू पनि अतिवादको चक्रव्यूहबाट माथि उठ्नै पर्दछ । यी दुवै (हिन्दू एवं बौद्ध) धर्म-दर्शनका अनुयायीहरू समयसापेक्ष बन्दै आपसमा वैमनस्यता र कटुता होइन आत्मीयता र सहअस्तित्वको मर्मलाई आत्मसात गर्न सके युगौंदेखि कायम रहँदै आएको सहअस्तित्व, धार्मिक सहिष्णुता एवं जातीय सद्भावले निरन्तरता पाउने मात्र नभई अस्तित्वमा रहेका सबै धर्म समुदायलाई पनि आपसी आत्मीयता र राष्ट्रियताका निम्ति मार्गनिर्देशन समेत बन्न जाने कुरामा दुईमत नहोला ।

**सन्दर्भ सामग्री**


- अधिकारी, सूर्यमणि, ***विश्व इतिहासको रूपरेखा***, काठमाडौं : भुँडिपुराण, २०५७ ।
- इगरेमोण्ट, ***द इयर अफ बुद्धज महापरिनिर्वाण, द डेटिङ अफ द हिस्टोरिकल बुद्ध***, १९९१ ।
- एटकिन्सन, इ.टी., ***कुमाउ हिल्स***, दिल्लीः कस्मो पब्लिकेशन, १९७४ ।
- तामाङ, परशुराम, ***नयाँ संविधान र अल्पसंख्यक आदिवासी जनजाति***, काठमाडौं : विविध पुस्तक भण्डार, २०६६ ।
- देवकोटा, रत्नाकर, ***बृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना***, काठमाडौं : कुमार खड्ग प्राइभेट स्टडिज, २०६४ ।
- मिश्र, तारानन्दन, "सुर्खेत क्षेत्रको राजनैतिक, धार्मिक तथा सांस्कृतिक इतिहास", ***प्राचीन नेपाल***, संख्या १५७, पुरातत्व विभाग, २०६१ ।
- शेफल, रोवर्ट, ***एथ्नोग्राफी अफ एन्सिण्ट इण्डिया***, विज्वेडन, १९५४ ।


(२०६६ श्रावण ३१ का दिन धर्मोदय सभाद्वारा आयोजित समीक्षात्मक गोष्ठीमा प्रस्तुत कार्यपत्रको लागि तय गरिएको लिखित-वाचन टिप्पणी, टिप्पणीकार स्वयं अनुपस्थित थिए - सं.)

## अनागारिका सुमित्राको निधन

किण्डोल विहारका अनागारिका सुमित्रा ८९ औं वर्षको उमेरमा निधन भयो । उहाँको पार्थिव शरीरलाई आनन्दकुटी विहारमा एक दिन राखी विधिवत् धार्मिक संस्कार पछि १४ गते प्रव्रजित दीप स्वयम्भूमा दाहसंस्कार गरियो । आचार्य भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुखत्वमा भिक्षु संघ, अनागारिका दो गुणवती तथा अ. धम्मवती लगायत अनागारिका संघ र उपासक उपासिकाहरूको उपस्थितिमा मरणानुस्मृति पाठ, दान धर्म एवम् पुण्यानुमोदन गरिएको थियो । वि.सं. १९७७ मा जन्मिएका अनागारिका सुमित्राले वि.सं. २०२२ सालमा कुशीनगरमा अनागारिका दीक्षा प्राप्त गर्नुभएको थियो ।

# नेवाः समाजय् पञ्चदानया महत्व



✍ अच्युतरत्न वज्राचार्य

सिद्धार्थ गौतम ज्ञान प्राप्त यायेगु उद्देश्यं प्रेरित जुयाः गृहत्याग यायेधुंकाः थाय् थासय् गृहस्थीपिनिपाखें दान प्राप्त यानाः थ:गु शरीरया रक्षा याना बिज्यात । खुदँतक दुष्कर तपस्या याना बिज्यानाः नं ज्ञान प्राप्त मजुल । सुजातापाखें खीर भोजन दान काये धुकाः च्वनाबिज्याःगु ध्यानपाखें बोधिज्ञान प्राप्त यायेत सफल जुया बिज्यात, अथे जूगुलिं उगु दानयात पवित्र दान कथं कायेगु याः । बोधिज्ञान प्राप्त याना बुद्ध जुयाः बिज्याये धुंकाः गां, नगर, जनपद, महाजनपदय् धर्मया उपदेश बीत बिज्याइबलय् नं थाय् थासय् चा:हिलाः गृहस्थीपिनिपाखें प्राप्त जूगु दानपाखें हे थ:गु वा भिक्षु संघपिनि भोजन ग्रहण याना बिज्याइगु खः ।

व हे परम्परायात कायम यासें थीथी थेरवादी बुद्धधर्म स्थापना जुयाच्वंगु देशय् थौंतक नं न्हियान्हिथं दान कायेगु निंतिं भिक्षुपिं विहारं पिहां बिज्यायेगु चलन दु । नेपालय् नं थेरवादी बुद्धधर्मया पुनःस्थापना जुइ धुंकाः गृहस्थीपिनिपाखें दान कायेगु निंतिं भिक्षु संघपिं विहार पिहां बिज्याइगु इलय् ब्यलय् भ्रीसं खनाच्वनागु हे खः । अथे हे नेपालमण्डलय् प्युन्हुतक प्रव्रजित जुयाः भिक्षु जीवन हने धुंकाः गृहस्थी जीवनय् हे पुनः प्रवेश याइपिं वज्राचार्य एवम् शाक्यपिं दँय् छकः श्रावण कृष्ण त्रयोदशीकुन्हु दान कायेगु निंतिं त्वाः, बाहालय् बिज्याइगु चलन दु । गुकियात पञ्चदान धकाः धयावयाच्वंगु दु ।

■ **पञ्चदानया अर्थ**

पं. बद्रीरत्न वज्राचार्यया धापू कथं पूजा, नयेगु वस्तु, त्वनेगु वस्तु, वासः व न्हियान्हिथं माःगु हलंज्वलं, थुगु न्यागू वस्तु दान यायेगुयात पञ्चदान धाइ । पं.रत्नकाजी वज्राचार्य वा, छ्व, कयुगु, सिसिबुसा व दक्षिणा दान यायेगुयात पञ्चदान खः धया बिज्याःगु दु । हेमराज शाक्यया धापूकथं थीथी अभिलेखया आधारय् स्वयेबलय् 'पञ्चदान' धायेगु पायछि मजू । डा. नरेशमान वज्राचार्य थौंकन्हय् धायेगु याना वयाच्वंगु 'पञ्जराँ' खँग्वः संस्कृत शब्द "पञ्जरदान" या अर्थ शरीर खः । तसर्थ चित्तं संकल्प यानाः, वचनं ब्यक्त यानाः, शरीरं दान याइगु जूगुलिं थुकियात पञ्जरदान धाःगु खः ।

थुथु प्रकारं विद्वान्पिंसं पञ्चदानयात थीथी कथं अर्थ छ्यलातःगु दुसां थौंकन्हय् च्वयेबलय 'पञ्चदान' व धायेबलय् 'पञ्जरां' धायेगु याना वयाच्वंगु दु ।

■ **बौद्ध साहित्यय् दान**

बौद्ध साहित्यय् थीथी कथंया दानया चर्चा यानातःगु दु । जातकय् बुद्धं थ:गु पूर्वजन्मय् याना बिज्याःगु दानया उल्लेख जुयाच्वंगु दु । उकीमध्ये महासत्व राजकुमारं थ:गु ला ध्यना धुंयात नकूगु ब्याघ्री जातक, थ:गु मणि दान बिउम्ह मणिचूड जुजुया मणिचूड जातक, थ:म्ह कलाः, काय् व म्ह्याय् नापं दान बिउम्ह बिश्वन्तर राजकुमारया विशन्तर जातक आदि भ्रीगु समाजय् तसकं लोकंह्वाःगु बौद्ध साहित्य खः ।

दानया बारे सर्वानन्द नृपावदान, पिण्डपात्रावदान, कपिशावदान आदि ग्रन्थय् नं न्ह्यथनातःगु दु । कपिशाव-दानय् च्वंगु बाखं भ्रीगु समाजय् तसकं प्रचलनय् दु । उगु बाखंकथं छगू इलय् दीपंकर बुद्ध किंशकु वनय् थ्यंबलय् वनय. च्वम्ह माकः ज्ञानाकरं कटहर छगः दान बिल । उगु पुण्यया प्रभावं ज्ञानाकर माकः मेगु जन्मय् सार्थसाहु भुवनानन्दया काय् धर्मश्री जुया जन्म जुल । छन्हु उम्ह मचा धर्मश्री धुलय् न्हिताच्वंगु बखतय् दीपंकर बुद्ध भिक्षाटन बिज्याःगु जुयाच्वन । छुं हे बीगु मदया अत्यन्त श्रद्धा तया धर्मश्री नं ल्हातय् च्वंगु धू हे वसपोलयात दान बिल । पवित्र श्रद्धाया कारणं उगु धू हे लुँ जुल । दीपंकर बुद्धं बियाबिज्याःगु आशीर्वादकथं धर्मश्री मेगु जन्मय् दीपावती नगरया जुजु सुशीलानन्दया काय् सर्वानन्द जुयाः जन्म जुल । सर्वानन्द जुजु जुइ धुंकाः दीपंकर बुद्धयात दानया निंतिं निमन्त्रणा बिल । उगु हे इलय् छम्ह गरीबम्ह मिसा लक्ष्मी थकुंनं नं वसपोलयात निमन्त्रणा बिल । दीपंकर बुद्ध लक्ष्मी थकुंयाथाय् न्हापलाक दान कायेत बिज्यात । सर्वानन्द जुजुं थुकिया कारण न्यंबलय् दीपंकर बुद्धं, लक्ष्मी थकुं नं बिउगु दान वइगु थ:गु हे हिच:तिं कमे यानातःगु, तर सर्वानन्द जुजुं बीगु दान थ:गु हे हिच:तिं कमे यानामतःगु खँ कनाः बिज्यात । थुगु खँ न्यनाः सर्वानन्द जुजु छगू भट्टीइ अत्यन्त कठोर परिश्रम यानाः न दायेगु ज्या यानाः थ:गु हे हिच:ति हायेकाः कमे यानालिं दीपंकर बुद्धयात दान बिउगु जुल । शाक्यमुनि बुद्धया अल्याख पूर्वजन्ममध्ये थुम्ह सर्वानन्द जुजुया जन्म नं छगू खः धाइ ।

**■ पञ्चदानया इतिहास**

पञ्चदान गबलेनिसें शुरू जुल धकाः कायेगु प्रामाणिक आधार मदु । बौद्ध विद्वान हेमराज शाक्यया धापूकथं गुगु अभिलेखय् दीपंकर बुद्धया बारे उल्लेख जुयाच्वंगु दु, उगु इलय अवश्य नं पञ्चदान जूगु दु । इतुं बहालय च्वंगु ने.सं.५०२ या शिलापत्रय् महामन्त्री मदनराम बर्मन दीपंकर बुद्धया प्रलिस्ठा याःगु खँ न्ह्यथनातःगुलिं उगु इलय् अवश्य नं पञ्चदानया आयोजना जूगु जुइमाः धइगु हेमराज शाक्यया धापू खः । ने.सं.६७६ या मंगल धर्मद्वीप महाविहारया शिलापत्रय् 'पंचतथागत जात्रां' खँग्वः न्ह्यथनातःगु दु । ने.सं.६८७ या किलाघःया गुगिया दानपात्रय् 'पञ्जादान' धकाः च्वयातःगु दु । अथे हे ने.सं. ९१२ श्रावण कृष्ण त्रयोदशीया दिनस न्यत तुंछैंया बिष्णुधर तुलाधरया परिवारं 'पिण्डपात्र दान' यात धइगु खँ न्ह्यथनातःगु दु ।

**■ नेपालमण्डलमा समाज व दान**

नेपालमण्डलया समाज व दानयात भ्मीसं अलग याना स्वये फइगु अवस्था मदु । छाय्धाःसा दान नेपालमण्डलया संस्कृति जुयाः थनया समाजय् दुबिइ धुंकूगु दु । नेपालमण्डलय् तसकं हे गरीब परिवारय् नं दान यायेमाः धइगु संस्कार दुगु अद्भूत खः । अथे जुयाः हे जुइमाः कि भ्मी पुर्खापिंसं थम्हसिनं नसें मनसें व भ्वाथःगु पर्कातःगु वसः पुना नं भ्मीगु निंतिं गौरव याये फइगु बहाः, बही, चुक, ननि, फल्चा आदि दयेका थकल ।

थुज्वःगु दान यायेगु चिन्तन नेपालमण्डलया जन-जनया मनय् दुबिंकेगुलि न्हापायापिं जुजुपिनिगु नं तःधंगु योगदान दु । थुकिया प्रमाणस्वरूप जुजु हर्षदेवं ने.सं. २१९ स च्वया थकूगु "षटपारिमिता स्तोत्र" यात कायेफु, गुगु स्तोत्र थौं तकं नं भ्मीसं बहाः बहिली न्हियान्हिथं ब्वना वयाच्वना । थुगु स्तोत्रया खुगू चरणत दान, शील, क्षान्ति, वीर्य, ध्यान व प्रज्ञाय् दानयात दकसिबे न्हापा न्ह्यथनातःगुलिं दानया महत्व गुलि दु धइगु भ्मीसं अनुमान यापेफु ।

सर्वानन्द जुजु जुइधुँकाः दीपंकर बुद्धयात दानया निंतिं निमन्त्रणा बिल । उगु हे इलय् छम्ह गरीबम्ह मिसा लक्ष्मी थकुनं नं वसपोलयात निमन्त्रणा बिल । दीपंकर बुद्ध लक्ष्मी थकुंयाथाय् न्हापालाक दान कायेत बिज्यात । सर्वानन्द जुजुं थुकिया कारण न्यंबलय् दीपंकर बुद्धं, लक्ष्मी थकुं नं बिउगु दान वइगु थःगु हे हिचःति कमे यानातःगु, तर सर्वानन्द जुजुं बीगु दान थःगु हे हिचःतिं कमे यानामतःगु खँ कनाबिज्यात ।

**■ बौद्ध-दर्शन व दानः**

थेरवाद बुद्धधर्मया लक्ष्य अर्हत् जुइगु खःसा महायान बौद्ध धर्मया लक्ष्य बुद्ध जुइगु खः । महायानी साधकया निंतिं बोधिचित्त ग्रहण यायेधुंकाः पारमितायागु अभ्यास यायेगु आवश्यक जुइ । 'पारमिता' खँग्वःया अर्थ पूर्णत्व खः । थुकिया पालि रूप 'पारमी' खः । दक्वं पारमिता पूर्ण यायेधुंकाः तिनि सिद्धार्थ गौतमं बोधिज्ञान प्राप्त याना बिज्याःगु खः । जातकय् न्ह्यथनातःगु दु कि पारमिता पूर्ण यायेगु निंतिं वसपोल मनुष्य योनी जक मखसें तिर्यक योनी तकं जन्म कयाः बिज्यात । पारमिता धर्मया अभ्यास मयायेकं सुं नं बोधिसत्वं बुद्धत्व प्राप्त याये फइ मखु ।

पारमिता धर्मया अभ्यास यायेत पुण्यसंभार व ज्ञानसंभार पूर्णसंभार धइगु कुशल संस्कार दयेकुगु व ज्ञानसंभार धइगु प्रज्ञा अभिवृद्धि यायेगु खः अथे जूगुलिं प्रज्ञाया उत्पत्ति हे बुद्धत्व प्राप्तिया निंतिं छगू जक कारण खः अथे जूगुलिं प्रज्ञाया उत्पत्तिया निंतिं पुण्यसंभारया उत्पत्ति नं अत्यन्त आवश्यक जुइ ।

शून्यता ज्ञान हे प्रज्ञा खः । थुकियात 'भूततथा' नं धाई । प्रज्ञा प्राप्त मजुइकं पुनर्जन्मयात पने फइमखु । प्रज्ञाया उत्पत्ति यायेत मेमेगु पारमितापिं दान, शील, क्षान्ति, वीर्य व ध्यानया अभ्यास आवश्यक जू । दान, शील व क्षान्तिया अभ्यास ज्ञानसंभार खः । जब कि थ्व दक्वं पारमिताया अभ्यास यायेत वीर्यपारमिताया अभ्यास आवश्यक जू ।

षट्पारमिताय् दकसिबें न्हापांगु चरण दान खः । बिना आशक्ति शुद्ध मनं सुइतं छुँ बीगु हे दान खः । दान धइगु बिना छुं लोभ, लालच, स्वार्थरहित जुयाः दुनुगलं निसें यायेमाः । छुं जया, फलया आशा दयाच्वना धाःसा उगु कर्म बन्धनकारक जुया अपूर्ण जुइ । अथे जुयाः दानया पूर्णताया निंतिं फलया आशा त्याग यायेगु आवश्यक जुइ । थ्व खँ धाःसा थौंया इलय अप्वः हे आदर्शवादी थें अनुभव जुइफु ।

**■ सन्दर्भ ग्रन्थ**

१. उपाध्याय, बलदेव, बौद्ध-दर्शन-मीमांसा, वाराणसीः चौखम्बा विद्याभवन, पञ्चम संस्करण, सन् १९९९ ।

२. बासुकला, जुनुमैयाँ, भक्तपुरको पञ्चदान पर्व, काठमाडौंः न्हूजः गुठी समाज, ललितपुर : बौद्ध अध्ययन समाज नेपाल, भक्तपुर : भक्तपुर विकास सहयोग संघ, प्रथम संस्करण सन् २००७ ,

३. शाक्य, तीर्थरत्न, नेपाल मण्डलका बौद्धहरको धार्मिक चर्चा र जीवन शैली, काठमाडौं : बुद्ध धर्म अध्ययन गोष्ठी, काठमाडौं : बुद्ध धर्म अध्ययन गोष्ठी, प्रथम संस्करण सन् २००८ ।

Continue from Issue 37-4

# The Buddhist doctrine of mental health

Ven. Dhammapal



## Holistic point of view of health

Dependent origination, health, and kamma within this worldview, health and disease involve the overall state of a human being and are interwoven with many factors such as economics, education, social and cultural milieu. All these conditional factors need to be seriously taken into account in the understanding of health and disease. Health is therefore to be understood in terms of holism. It is the expression of harmony - within oneself, in one's social relationships, and in relation to the natural environment. To be concerned about a person's health means to be concerned with the whole person, his/her physical and mental dimensions, social, familial, and work relationships, as well as the environment in which he/she lives and which acts on him/her. Consequently, the tendency to understand health only in relation to particular parts of the human organism such as the defects in unacceptable to Buddhism. In the Buddhist holistic perspective, disease is the expression of the disturbed harmony in our life as a whole. By its physical symptoms, disease draws our attention to this disturbed harmony.

Hence, healing in Buddhism is not the mere treatment of these measurable symptoms. It is more and expression of the combined effort of the mind and the body to overcome disease than a fight between medicine and disease. Its real aim is to enable the patient to bring back harmony within himself and in his relationships with the others and the natural environment. In this context healing is not an end in itself, but rather a means by which medicine helps to serve the value of human health and well-being.

Apart from this holistic approach, Buddhism attributes kamma as an important contributing factor to health and disease. In the Buddhist perspective good health is the correlated effect of good kamma in the past and vice versa. This interpretation of health and disease in terms of kamma is to emphasize that there is a relationship between morality and health. Health depends on our life-styles, i.e. the way we think, the way we feel, and the way we live. Illness is the consequence of an unhealthy life-style such as one characterized by sensual indulgence, for example. This is the normativistic component of the Buddhist perspective on health which involves the practice of moral and religious values such as compassion, tolerance, and forgiveness. This is the underlying reason why Buddhism advises those who want to be healthy to practise morality (sila), mental discipline (samadhi), and wisdom (panna), in the Noble Eightfold Part.

Perhaps we will understand the role of kamma in health and illness as we look at the following cases. For example, in the time of an epidemic there are usually some people who succumb while others escape even though both groups are exposed to the same conditions. According to the Buddhist view the difference between the former and latter is due to the nature of kamma of each in the past. Other examples are the cases where though the treatment given was successful the patient died, and where in spite of ineffective treatment the patient lived. There have also been cases of remarkable and unexpected recoveries when modern medicine has given up all hope for

remission. Such cases strengthen the Buddhist belief that besides the physical cause of disease, illness can be the effect of bad kamma in past lives. A disease with a karmic cause cannot be cured until that karmic result is exhausted. But the kamma of every person is a mystery both to himself and others.

For this reason, no ordinary person can definitely know which disease is caused by kamma. Therefore one has to be careful in imputing kamma especially for disease because it may lead to a fatalistic attitude of not seeking any cure at all or giving up treatment out of despair. Buddhism advises us that for practical purposes we have to look upon all diseases as though they are produced by mere physical causes. And even if the disease has a kamma cause it should be treated. As no condition is permanent and as the causal relation between deed and its correlated consequence is more conditional than deterministic. There is the possibility for the disease to be cured so long as life continues. On the other hand we cannot tell at what point the effect of bad kamma will be exhausted. Therefore we need to take advantage of whatever means of curing and treatment are available.

Such treatment, even if it cannot produce a cure, is still useful because appropriate physical and psychological conditions are needed for the karmic effect to take place. The presence of a predisposition to certain diseases through past kamma and the physical condition to produce the disease will provide the opportunity for the disease to arise. But having a certain treatment will prevent a bad karmic result manifesting fully. This kind of treatment does not interfere with the working of the individual kamma but reduces its severity. The advice of Buddhism to a person with and incurable disease is to be patient and to perform good deeds to mitigate the effects of the past bad kamma. At least the individual effort to maintain or recover is itself good kamma.

The belief in kamma in relation to health and disease neither lead to fatalism nor to pessimism. As mentioned before, the law of kamma does not rule with an iron hand or bring a curse. This law only stresses the causal relation between cause and effect. It does not entail complete determinism. Te believe in kamma is to take personal responsibility for health. Health is not given. It has to be gained by one's own efforts, and one should not blame others for the suffering one is going through because of the disease. Besides, it may be a comfort to think that our illness is no fault of our present lives but the legacy of a far distant past, and that by our own attitudes and efforts towards illness good karmic effects can arise. The belief in kamma also enables us to cope with the painful aspects of life, for example suffering from terminal illness such as leukemia or a more malignant form of cancer with tranquility and without fruitless struggle, nor negative and depressing mental states.

Such acceptance will also enable us to overcome despair, endure the condition to the last days, and thus die a peaceful death. The emphasis on the karmic cause of health and disease implies individual responsibility for health and illness. Kamma is created by choices we made in past lives. Health is to be gained by continuing personal efforts in this life. Good deeds, regular exercise, proper nutrition, etc. lead to good health whereas bad deeds, poor living habits, abusing the body and the mind) in this and previous lives bring illness. The sense of responsibility is much needed in health care.

## The mind and mental health

Physical health is important because Buddhism regards is to be the means to intellectual enlightenment. Buddhism does not want people to spend a large part of their lives in poor health or else they will not be able to devote themselves to the highest purposes. Although Buddhism views the mind and the body in interdependence, its teaching gives special attention to the mind and its power.

It is stated in the very first verse of the Dhammapada that what we are is the result of our thoughts. The source of our lives and hence of our happiness or unhappiness lies within our power. No one can harm us but ourselves. It is the kind of thought we entertain that improves our physical well-being or weakens it, and also ennobles us or degrades us. This it the reason why Buddhism designates thought as the cause of both physical are verbal actions with their karmic results and considers mental health of the utmost importance and the training of the mind to attain the highest stage of health as its sole concern.

This preoccupation with mental health is also regarded as the true vocation of Buddhist monks. The training is based on the belief that both the body and the mind are prone to sickness. But since the mind is able to detach itself from the body it is possible to have a healthy mind within a sick body. According to

Buddhism for the mind to be healthy, first it is necessary to develop a correct view of the world and ourselves, i.e. a realistic acceptance of the three traits of existence: impermanence, insubstantiality, and suffering of unsatisfactoriness. The adoption of the wrong views makes us see the transitory as permanent, the painful as happy, the impure as pure, and what is not-self as self.

Consequently we crave and struggle for what is not something that does not seem to change, e.g. the illusory permanent and identical self and the permanent object odd desire and we always suffer disappointment. By accepting thing as they reality nothing more than a name for the complex of psycho-physical elements (nama-rupa) - the mind no longer strives for the satisfaction of self-seeking impulses nor clings to objects. As a result the mind is at rest and thereby psychological suffering is eliminated leading to improved mental health.

Apart from changing our thought by the adoption of this correct view and by developing an attitude of detachment towards the world and ourselves, our mental health is dependent on our power to rein in our appetites and to restrain and/or eradicate negative motions much as greed (lobha), hatred (dosa), anger (moha), and our possessive and aggressive tendencies. All these unwholesome states can act as the cause of mental and physical illness. Such control can be achieved through the practice of morality and meditation. Every set of Buddhist precepts and every type of meditation are aimed at controlling the senses, impulses, and instincts and easing the tension and eliminating the unwholesomeness of thoughts that tend to make the mind sick.

Buddhist meditation is not only a means to cure the mind from its ailments caused by incorrect views, self-indulgence, hatred, and anger of all forms, but is also devised as a means to induce positive wholesome mental states, particularly the four sublime states:

i. loving kindness (metta),

ii. compassion (karuna),

iii. sympathetic joy (mudita), and

iv. Equanimity (upekkha).

Loving kindness enables us to love and be kind to one another while compassion wants us to help those in distress. Sympathetic joy is an ability to rejoice in the joy of others and equanimity is the equanimous temperament without being either elated or dejected in the face of the vicissitudes of life - gain and loss, fame and lack of fame, praise and blame, happiness and sorrow. The continual cultivation of these wholesome mental states is an important Buddhist way of making the mind healthy. Actions spring from this healthy mind are always good and wholesome and thus conductive to our holistic health. This over-all health is reflected in all aspects of life including thinking, speaking, living and doing.

## Concluding Remarks

The Buddhist concept of health and disease is formulated within the context of the principle of, Dependent Origination and its related law of kamma. Accordingly health and disease are to be understood holistically in their metta over-all state in relation to the whole system and environmental conditions-social, economic, and cultural. This view is diametrically opposite to the analytic view which tends to dissect human beings into different segments both in the physical and mental realms. As a result health is defined too narrowly as the mere absence of measurable symptoms of disease. Doctors and other medical personnel who hold such view direct their attention to particular parts of a person when considering whether or not a person is healthy and have not been concerned enough with their patients as whole human beings, reducing their care of them to the quantifiable control of physical symptoms.

The Buddhist holistic perspective, on the contrary, focuses on the whole person and argues that since human beings are not merely physical creatures but mental, emotional, social and spiritual beings as well and that, as a psychosomatic unity, bodily illness affects the mind and emotions and emotional, mental and social maladjustments can affect the body, then to be concerned about a person's health one must be concerned about his entire person, body, mind and emotions, as well as his social environment. This may seem a utopian goal that medicine or health care services alone cannot accomplish. But it should be thought of and striven for Perhaps this overall health could be made possible only through the concerted efforts of medicine, the individual and social agencies concerned.

# बौद्ध गतिविधि

## आठ जना कुलपुत्रलाई दिक्षित गराइयो

असार १९ गते । भोजपुर टक्सार शाक्य समाजको आयोजनामा पाटनको अक्षयश्वर महाविहारस्थित ८ जना कुलपुत्रहरूलाई सामूहिक प्रवज्या दीक्षा दिने कार्य सम्पन्न भएको छ । प्रवजित श्रामणेरहरूलाई २० गते विश्व शान्ति विहारमा ल्याई बुद्धपूजा तथा धर्मदेशनामा पनि सामेल गराइएको थियो ।

त्यस्तै असार २३ गते धर्मचक्र प्रवर्तन दिवस एवं समाजका वयोवृद्धा उपासिका जगतकुमारी शाक्यको ९२ औं जन्मोत्सवका अवसरमा उहाँलाई सम्मान गरियो । सो कार्यक्रम नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो ।

## आनन्दकुटीमा बुद्धपूजा र धर्मदेशना

असार २३, स्वयम्भू, काठमाडौं । प्रत्येक पूर्णिमाको दिन आनन्दकुटी विहार, स्वयम्भूमा नियमित रूपमा हुँदैआइरहेको बुद्धपूजा र धर्मदेशनाको कार्यक्रम श्रावणपूर्णिमाको दिन सम्पन्न भयो । सोही विहार प्रमुख भिक्षु कुमारकाश्यप महास्थविरज्यूबाट बुद्धपूजा संचालन र शीलप्रदान गर्नुभयो भने भिक्षु धर्ममूर्ति महास्थविरले इध **नन्दति पेच्च नन्दति** भन्ने गाथामा आधारित धर्मदेशना गर्नुभयो । भिक्षु अश्वघोष महास्थविरले अनुशासन गर्नुभयो । विहान ज्ञानमाला भजन खलः स्वयम्भूबाट ज्ञानमाला भजन गरेर आरम्भ भएको उक्त कार्यक्रममा समस्त भिक्षु, अनागारिका र उपासकउपासिकाहरूलाई जलपान र भोजन व्यवस्था मचाम महर्जन र नानी मैयाँ महर्जनको सपरिवारबाट गरिएको थियो ।

## ज्ञानमाला भजन सम्बन्धी छलफल सम्पन्न

असार २७ गते । नेपाल राष्ट्रिय ज्ञानमाला समितिले ज्ञानमाला राष्ट्रिय एकता र सहमति जुटाउने उद्देश्य पूर्तिका लागि राष्ट्रब्यापि रूपले विभिन्न ज्ञानमाला संघ संस्थाहरूसँग छलफल गरिने गरी पहिलो कीर्तिपूर भेगको सात ओटा ज्ञानमालासँग नगरमण्डप श्रीकीर्ति विहार ज्ञानमाला संघको व्यवस्थापमा छलफल कार्यक्रम आयोजना गरेको छ ।

राष्ट्रिय ज्ञानमाला समितिको आयोजनामा भएको उक्त कार्यक्र समितिका अध्यक्ष सुवर्ण शाक्यबाट उद्देश्य र लक्ष्यलाई अगाडि सारी ज्ञानमालाको भावी कार्यक्रमबारे प्रकाश पार्नुका साथै सहभागी विभिन्न ज्ञानमाला संघबाट गरिएको प्रश्नको जवाफ पनि दिनुभयो । कार्यक्रममा शान्तरत्न शाक्य, नगर मण्डप श्री कीर्ति विहारका सचिव कृष्ण महर्जन र बखत बहादुर महर्जनबाट ज्ञानमालामा आइरहेका विकृति हटाउन सामूहिक प्रयास आवश्यक भएको कुरा उल्लेख गर्नुभयो ।

## युवक बौद्ध मण्डलको वार्षिक सभा

श्रावण १८ गते । युवाहरूलाई परिचालन गर्दै आएको युवक बौद्ध मण्डल (थःद्यब) को ३९ औं वार्षिक सभा सँगै नयाँ कार्यदलको लागि निर्वाचन गरी नयाँ कार्यसमिति गठन गरी सम्पन्न गरिएको छ ।

ललितपुरको लोकाकीर्ति महाविहारमा सम्पन्न भएको सो सभाको मुख्य अतिथि पूर्वमेयर बेखारत्न शाक्य हुनुहुन्थ्यो भने कार्यक्रम सो संस्थाका निवर्तमान अध्यक्ष सानुराजा शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो । १८ गते अघिल्लो दिन गरिएको निर्वाचनको मतपरिणामका नयाँ कार्यदल गठन गरिएको थियो । मतपरिणाम अनुसार हेरारत्न शाक्यको अध्यक्षतामा १९ सदस्यीय कार्यदलको गठन गरिएको छ ।

## शाक्यसिंहमा परियत्ति पुरस्कार

श्रावण २१ गते । त्रिपिटकाचार्य भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथ्यमा श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयको वार्षिक उत्सव र प्रेरणा पुरस्कार वितरण समारोह सु-सम्पन्न भएको छ ।

परियत्ति शिक्षालयका केन्द्राध्यक्ष भिक्षु धम्मपाल महास्थविरको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा शिक्षिका सुमाञ्जली शाक्यबाट स्वागत भाषण, परियत्ति संचालक देवेन्द्र वज्राचार्यबाट प्रगति प्रतिवेदन, कोषाध्यक्ष अ. धरणीबाट आर्थिक प्रतिवेदन तथा शिक्षक अनुप शाक्यबाट धन्यवाद ज्ञापन गरिएको थियो ।

## लुम्बिनी नव प्रव्रजित

लुम्बिनी, श्रावण २१ । अन्तर्राष्ट्रिय बौद्ध समाज तथा आनन्द कुटी विहार संस्थाका अध्यक्ष भिक्षु मैत्री महास्थविरको आचार्य र उपाध्यायत्वमा गंगा महर्जन र कान्छा लामाका छोरा राजु लामालाई श्रामणेर प्रव्रजित गरिएको छ । अन्तर्राष्ट्रिय बौद्ध समाज लुम्बिनीमा भएको उक्त कार्यक्रमा अरू भिक्षु,

श्रामणेर, अनागारिका, उपासक, उपासिकाहरूको सहभागिता रहेको थियो । नव प्रव्रजित श्रामणेर सुचिन श्रामणेर नामाकरण गरिएको छ ।

## पुरस्कार वितरण सम्पन्न

श्रावण, २४ । बौद्ध परियत्ति विद्यार्थीहरूको हौसला प्रदान गर्न जीतवन विहारमा भिक्षु अशोक स्थविरको अनुशासकत्व र श्रीलंकाली भिक्षु विजितनन्द महास्थविरको प्रमुख आतिथित्वमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । महास्थविरद्वारा पंचशील प्रदान गर्दै शुभारम्भ भएको उक्त कार्यक्रमा भिक्षु संधरक्खितले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने परियत्ति विद्यार्थीहरूले पनि आ–आफ्नो मन्तव्य व्यक्त गरे । भिक्षु अशोक स्थविरले आजको युगमा परियत्तिको आवश्यकता अझ बढ्दैगएको कुरालाई उल्लेख गर्नुभयो ।

## श्रद्धान्जली सभा सम्पन्न

श्रावण २४ गते । श्री शाक्यसिंह विहारका विहार दाता श्री कुलनरसिंह शाक्य दिवंगत हुनुभएको पुण्यस्मृतिमा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा श्रद्धाञ्जली सभा कार्यक्रम सम्पन्न भएको छ ।

सुश्री अमिता धाख्वाबाट विहारदाता कुलनरसिंहको संक्षिप्त जीवनी प्रस्तुत गरिएको सो कार्यक्रममा मरणानुस्मृति पाठ र मरणानुस्मृति ध्यान भावना गराइएको थियो । धम्मपाल भन्ते, ञाणशीला गुरुमां, आर. वि. बन्ध, हेराकाजी अवाले र दिवंगत उपासकका पुत्र किरण शाक्यलगायतले आ- आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

## खस जातिको मूल धर्म भनेकै बुद्धधर्म

श्रावण ३१ गते । खस जातिको मूल धर्म भनेको बुद्धधर्म हो । स्वयम् भगवान बुद्ध पनि खस जातिमा नै पर्नुहुन्थ्यो भन्ने विषयक एक दिने समीक्षात्मक गोष्ठी सम्पन्न भएको छ ।

सुलक्षण कीर्ति विहार, चोभारमा सम्पन्न भएको सो गोष्ठी धर्मोदय सभाको आयोजनामा सम्पन्न भएको हो । लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष डा. केशवमान शाक्यले नेपालमा खस जाति र बुद्धधर्म विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उहाँको कार्यपत्रलाई डा. दिलबहादुर क्षेत्रीले टिप्पणी गर्नुभएको थियो । भिक्षु उदयभद्रको सभापतित्वमा सम्पन्न सभामा महासचिव सुचित्रमान शाक्यबाट स्वागत भाषण भएको सो कार्यक्रममा उद्घोषण प्रा. सुवर्ण शाक्यले गर्नुभएको थियो ।

## ठेचोमा गुँला धर्मदेशना सम्पन्न

श्रावण ३१ गते । वेलुवनाराम विहार र बुद्धधर्म न्ह्यज्याकेगु पुचः को संयुक्त आयोजनामा ठेचोमा गुँला धर्मदेशना सम्पन्न भएको अवसरमा एक धार्मिक कार्यक्रम गरी सम्पन्न गरिएको छ ।

कार्यक्रममा भिक्षु धर्मगुप्तले धर्मदेशना गर्नुभएको थियो भने बुद्धपूजा र भोजनदान कार्यक्रम समेत सम्पन्न भएको थियो ।

## आनन्दकुटीमा गुँलाधर्मदेशना

भाद्र ४ गते । आनन्दकुटी विहारमा गतवर्षको गुँला महिना अवधिभर धर्मदेशना तथा सामूहिक ध्यानभावना कार्यक्रम संचालन भएको छ । बुद्धशिक्षालाई श्रद्धालुहरूबीच खुलस्त पार्न विधागत विषय तथा सूत्र व्याखानको रूपमा भिक्षु अनागारिकाहरूबाट विशिष्ट धर्मप्रवचन सम्पन्न भएको छ । प्रत्येक दिन श्रद्धालु दाताहरूबाट जलपानको व्यवस्था समेत भएको थियो ।

## निबन्ध प्रतियोगीलाई पुरस्कार

भाद्र १३ गते । लुम्बिनी बुद्धधर्म सोसाईटी यू. के. तथा युवा बौद्ध समूहको संयुक्त आयोजनामा बुद्धशिक्षा र कलह समाधान विषयक निबन्ध प्रतियोगिता आयोजना गरि एको थियो । उत्कृष्ट प्रतियोगीहरूलाई नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख अतिथ्यत्वमा जगतसुन्दर ब्वनेकुथीस्थित आयोजित कार्यक्रममा प्रथमस्थान प्राप्त गर्न सफल अम्बिका शाक्य, दुतीय सुनिता मानन्धर र तृतीय संगिता शाक्यलाई प्रमुख अतिथिबाट पुरस्कार प्रदान गरिएको थियो ।



**डा. भिक्षु अमृतानन्द महास्थविरको १९ औं गुणानुस्मरण दिवसको अवसरमा आफ्नो मन्तव्य राख्दै श्रीलंकाली राजदूत थोसपाल**